*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६१
नेपाल सम्बत् ११३७
इस्वी सम्बत् २०१७
बिक्रम सम्बत् २०७४

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**5th OCT 2017**

| वर्ष- ३५ | अङ्क- ६ | कतिं पुन्हि | आश्विन २०७४ |
|---|---|---|---|





आफूलाई प्राप्त हुने लाभलाई तुच्छ न सम्झनु । अर्कालाई प्राप्त भएको लाभमा इर्ष्या नगर्नु । अर्काको लाभमा इर्ष्या गर्ने भिक्षुले समाधि प्राप्त गर्न सक्दैन ।

जुन भिक्षुले संयम पूर्वक विचार पुऱ्याई कुरा गर्छ, चञ्चल स्वभाव हटाई अर्थ र धर्मको प्रकाश गर्छ, यस्तो व्यक्तिको भाषण मधुर हुन्छ ।

जुन व्यक्तिको मार्फत सम्यकसम्बुद्धको शिक्षा प्राप्त हुन्छ, उसलाई अग्नि होत्रलाई नमस्कार गरे झैं आदरपूर्वक नमस्कार गर्नुपर्छ ।

चर अचर कुनै पनि प्राणीलाई प्रहार नगर्ने, कसैलाई नमार्ने र हिंसा गर्ने कार्यमा प्रेरणा नदिने व्यक्तिलाई मैले ब्राह्मण भन्दछु ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# अहंकार

फरक फरक मानिसहहरूमा स्वभाव पनि फरक फरक नै हुने गर्छन् । धेरै जसो मानिसहरूमा क्रोधी, लोभी र स्वार्थी स्वभावहरू देखिने गर्छन् । घमण्डी र अहंकार स्वभावले पनि धेरैजसो मानिसहरूको उन्नतीको मार्गलाई ध्वंस पारिरहेको हुन्छ । जतिसुकै ख्याती प्राप्त व्यक्ति किन नहोस् जसले आफ्नो मनमा रहेका अहंकारी स्वभाव घटाउन सक्दैनन्, उसले आफ्नो अहंकारी स्वभावको वसमा रही रोपेको दुष्कर्मको कारणले उसलाई दशा रुपी फल भोगाउँदै जमीनमा पछारिदिने गर्दछ ।

माथि उल्लेखित खराव एवं कमजोर स्वभावहरू मध्ये अहंकार स्वभाव पालि साहित्यमा भएअनुसार ३ प्रकारका छन्–

१) सेय्यमान–

जुन क्षेत्रमा पनि आफू उच्च सम्झने बानी । म जातले उच्च छु, अरुभन्दा रुप सम्पति सम्पन्न छु, अरुको भन्दा म जान्ने, सुन्ने र बुझ्ने छु । म अरुभन्दा धन सम्पत्तिले सम्पन्न छु आदि आदि भन्दै यस भौतिक संसारमा आफू सम्पन्न भएकोमा मक्ख पर्दै चालै नपाउने गरी अहंकारी बन्न पुग्दछ । फलस्वरुप उसले अरुलाई मान्छे गन्दैन । यसरी समय समयमा अरुको चित्त दुःखाउने व्यवहार गर्न पुग्दछ ।

२) सदिसमान–

आफूलाई अरुभन्दा कम नठानी व्यवहार गर्ने बानी । म अरुभन्दा जातले कम छैन । कूल र परिवार पनि अरुभन्दा तल्लो स्तरको छैन । समान नै छु । म अरुभन्दा सम्पत्तिले पनि कम छैन । बहुश्रुतमा पनि म अरुभन्दा कम छैन । बराबरी स्तरमा नै छु आदि आदि भनी अहंभाव उत्पन्न गर्ने गर्छ ।

३) हीनभान–

आफूलाई अरुभन्दा तल्लो स्तरको सम्झी हीनभाव जगाउने स्वभाव । म अरुभन्दा जातले तल्लो स्तरको, अरुमा भन्दा ममा धनको शक्ति पनि छैन, अरुले जस्तै मैले चाहिने मात्रामा पढे, लेखेको पनि छैन, अरुले जस्तै मैले जाने बुझेको पनि छैन, हरेक क्षेत्रबाट म नीच नै छु आदि आदि ठानी आफूलाई हीन सम्झने अहंकारी बानी ।

जबसम्म मानिसको अन्तरमनले एकदिन मर्नुपर्ने अनित्यतााई स्वीकार्न सक्दैन, तवसम्म माथि उल्लेखित खराब बानीहरूले सताइरहेकै हुन्छ । त्यागी होस् वा गृहस्थी ।

त्यसैले होला बुद्धकालीन समयमा भगवान् बुद्धलाई समाजले चढाएको मान, सम्मान देखि इर्ष्याले जलेका देवदत्तले उक्त सम्मान उसलाई पनि प्राप्त होस् भन्ने लोभ चेतनाले ग्रसित बन्यो । फलस्वरुप उसले भगवान् बुद्धलाई हत्या गरी उक्त सम्मान आफूले प्राप्त गर्ने सोच राखी मूर्खतापूर्ण योजना बनाई कुकर्महरू रोपेका थिए । तर त्यस योजना सफल हुन सकेनन् । आखिर उसले दुष्कर्मको फल भोग्दै दर्दनाक मृत्युको शिकार हुन पुग्यो ।

यसरीनै अरुलाई प्राप्त भएको आम्दानी देखि ईर्ष्याले जलेका कतिपय मानिसहरूले गर्नै नहुने कुकर्म गरी दुशील बन्दै समाजमा विकृतीहरू फैलाइरहेका घटनाहरू सुन्नमा आइरहन्छन् ।

अहंकार र लोभकै कारणले एउटै आमाको कोखबाट जन्मेका, बाल्यकालमा एउटै थालमा खाना खाई संगै खेलेर हुर्केका दाजुभाईहरू बीचको अंशबण्डा विवादमा तुच्छ सम्पत्तिको लागि आफ्नो दाजुभाईको ज्यान नै लिने दुष्कर्म समेत गरी नर पिशाच बन्ने मानिसहरू पनि छन् ।

यसरी प्राप्त गरेको सम्पत्ति उसको मृत्यु पश्चात् उसले बोकेर लान पाइने भ्रममा परी यी दुष्कर्म गर्न पुग्छन् । तर आफ्नो शरीर नै फालेर



Downloaded from http://www.dhamma.digital

जानुपर्ने व्यक्तिले सम्पत्तिको बदला उक्त सम्पत्ति प्राप्त गर्नको लागि दूषित चित्तले रोपेका कर्मको दूषित नतिजा रुपी दशा बोकेर जान्छ ।

यसरी नै बेहोशी बनेका व्यक्तिहरू नै होला, दाहसंस्कारका लागि ल्याएको लासलाई मसानमा थन्काई मलामी आएका व्यक्तिहरू दाग बत्ति दिने विषयमा विवाद गर्दै एकले अर्काको घाँटी समात्दै सम्पत्तिको लागि झगडा गरिरहेको कारणले पुलिस ल्याएर बल्ल दाग बत्ति दिलाउनु परेको घटना पनि नघटेको होइन ।

यसरी भौतिक सम्पत्तिको लोभ लालचमा परी एकदिन मर्नुपर्ने प्राकृतिक नियमलाई पनि बिर्सी मानिसहरूले आफूलाई भ्रममा फसाई कुकर्महरू रोपिरहेका हुन्छन् ।

समाजमा आइरहेका यस्ता विकृतीहरू हटाउनको लागि बुद्ध शिक्षा प्रचार गर्न अत्यावश्यक भइसकेको छ ।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| मिति २०७४ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| भाद्र १३ गते, सोमबार, अष्टमी | शुभवती | वीर्यवती |
| भाद्र २१ गते, बुधबार, येया: पुन्हि | वण्णवती | धम्मवती |
| भाद्र २८ गते, बुधवार, अष्टमी | श्रद्धाचारी | दानवती |
| आश्विन १ गते, आइतवार, संक्रान्ति | अमता | पञ्ञावती |
| आश्विन ४ गते, बुधवार, औंशी | शुवण्णवती | केशावती |

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भिक्षु अनिरुद्धलाई छैन भनेको थाहा थिएन ।

(साभार- बौद्ध दर्पण)

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) कृष्णदेवी महर्जन, कालधाराबाट रु. ६,०००/-
२) नारायण लाल नकर्मी, त्रिपुरेश्वरबाट भोजन तथा रु. ५,०००/- प्रदान ।
३) पण्णिलाल यादव, सामाखुसि, काठमाडौंबाट रु. ५,०००/-
४) बौद्धचर्या संघ, थैना, ललितपुरबाट रु. ३,७४४/-
५) विकाश चन्द शाक्य, बनेपाबाट स्व. आमा दिल माया शाक्यको पुण्यस्मृतिमा रु. ३,०००/-
६) तारा केशरी तुलाधर, रु. २,०००/-
७) श्रीयान्सवीर सिंह कंसाकार, कुमारीपाटी, ललितपुरबाट दुई वर्षिय जन्मदिनको उपलक्ष्यमा – रु. २,०००/–
८) अनागारिका सुचिता, धम्मावास विहार, खुसिबुंबाट रु. १,५००/-
९) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. १,०००/-
१०) कमल हिरा ताम्राकार, लाजिम्पाट, काठमाडौंबाट रु. १,०००/-
११) निलशोभा, कमल रु. ५०५/-
१२) राकेश शाक्य, बनेपा रु. ५००/-
१३) बुध्द भक्त रंजित, बनेपाबाट रु. ५००/-
१४) प्रेमज्योती शाक्य, बनेपाबाट रु. ५००/-
१५) मिनु चित्रकार, मैतीदेवीबाट रु. ५००/-
१६) लक्ष्मी रंजित, टेकुबाट रु. ५००/-
१७) मोतीलाल, बिना नकर्मी, सातदोबाटोबाट १७ औं वार्षिक उत्सवमा चियापान प्रदान ।
१८) सुरेश भैल, बनेपाबाट बालिकाहरूलाई श्टेशनरी प्रदान ।
१९) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
२०) मैया मानन्धर, ठमेलबाट रु. ५००/-
२१) पूर्ण लक्ष्मी वादे श्रेष्ठ, काठमाडौंबाट रु. ४०५/-
२२) सत्य लक्ष्मी धवु, भक्तपुरबाट रु. ४००/-
२३) सुरेन्द्र श्रेष्ठ, काठमाडौंबाट रु. २०५/-
२४) सरिना ताम्राकार, लाजिम्पाटबाट रु. २००/-
२५) कृष्ण गोपाल रंजित, बनेपाबाट रु. १००/-
२६) बिष्णुलाल मानन्धर, बनेपाबाट रु. १००/-
२७) ससी प्रभाबाट रु. १००/-
२८) प्रेमशोभा रु. १००/-



Downloaded from http://www.dhamma.digital

# आफूले आफूलाई चिन

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

*(पूज्य गुरूजी श्री सत्यनारायण गोयन्काजीद्वारा रमावाई आम्बेदकर गर्ल्स हाई स्कूलमा दिनु भएको प्रवचन ।)*

आफूलाई चिन्नको लागि एक जना पञ्जावी सन्तले भन्नुभएको थियो, "अरे ! संत-संत व्यक्तिलाई भनिन्छ । के मुस्लिम, के हिन्दू, के सिख, के बौद्ध के जैन ? जस्ले आफ्नो चित्तलाई निर्मल गऱ्यो शान्त गऱ्यो उही सन्त व्यक्ति हो । त्यसैले उहाँले भन्नुभयो– जसले आफूले आफूलाई चिनेको छ, उसले ईश्वरलाई चिनेको छ, परमात्मालाई चिनेको छ ।" परमात्मा भनेको को हो ? निर्मल चित्तको साक्षात्कार भयो भने अरू के चाहियो ? तर साक्षात्कार हुने कसरी ? आफू भित्रको सत्यलाई जान्दै जान्दै साक्षात्कार हुन्छ । त्यसैले पहिलो काम मनलाई वशमा राख्नु पऱ्यो । मनलाई आफ्नो आज्ञा अनुसार चलाउनु पऱ्यो, मनले भने झैं आफू चल्ने होइन । मन आफ्नो गुलाम हुनु पऱ्यो आफू मनको गुलाम हुनु भएन । त्यसैले अनेक प्रकारका विद्याहरू मध्ये विपश्यना एउटा यस्तो कल्याणकारी विद्या हो जसको अनुसार आफ्नो श्वास प्रति सजग रहने सिकायो । श्वास किन हेर्ने ? किनकि श्वास र हाम्रो मनको विकारको बिचमा ठूलो सम्बन्ध छ । ध्यान गर्दा थाहा हुँदै जान्छ कि मन र विकारको सम्बन्ध कति गहिरो छ ।

जब कोही व्यक्ति विपश्यनाको शिविरमा भाग लिन आउँछ तब पहिलो काम नै यही कि श्वासलाई हेर, आफूले फेरिरहेको श्वास, आईरहेको गईरहेको श्वासलाई हेर, किनकि यस अवस्थाको यो एउटा सत्य हो । हेर्दा हेर्दै थाहा हुन्छ कि, आफैले थाहा पाउँछ कि म के हुँ ? जस्लाई 'म, म, म' भनिरहेको छुँ त्यो के हो । जसलाई मेरो-मेरो भनिरहेको छुँ त्यो के हो ? यो शरीर मेरो हो ? अथवा यी दुईटा भन्दा पर अरू मेरो भन्ने केही छ कि ? यो शरीर मेरो हो कि यो चित्त मेरो हो ? अथवा म भनेको यो चित्त हो कि यो शरीर हो ? अथवा यी दुईटा भन्दा पर अरू मेरो भन्ने केही छ कि ? यी कुराहरू अनुभवले थाहा पाउनु । किताबहरूमा लेखेका छन् त्यसैले नमान्नु, हाम्रो परम्परा अनुसार भनेको छ त्यसैले नमान्नु, हाम्रो गुरूले भन्नु भएको थियो त्यसैले नमान्नु । सत्य उही हो जुन आफ्नो अनुभवले जानेको छ । तब नै मेरो सत्य हुन्छ । अन्यथा किताबको सत्य भयो, गुरूको सत्य भयो ... अरू कसैको सत्य भयो, मेरो आफ्नो सत्य भएन । र जबसम्म सत्य आफ्नो हुँदैन तबसम्म आफ्नो कल्याण हुनसक्दैन ।

अब आफू बारेमा कसरी थाहापाउने ? आँखा बन्द गरेर, पलेटी कसेर बस्ने । मुख पनि बन्द गर्ने । अब शरीर र वाणीद्वारा कुनै काम हुने भएन । अब जान्न थाल कि आफ्नो बारेमा के सत्य प्रकट भईरहेको छ । पहिलो सत्य त यही कि श्वास भित्र आईरहेको छ बाहिर गईरहेको छ । बस यसैबाट शुरू गरौं, यसै सत्यको आधारमा काम शुरू गरौं, यहाँ कल्पनाको कुनै स्थान छैन । कुनै कल्पनालाई आधार मान्न थाल्यो भने एकपछि अर्को ठूल-ठूलो कल्पनामा डूब्न थाल्छ । सत्यभन्दा धेरै टाढा पुग्न थाल्छ । सत्यको साक्षात्कारबाट त धेरै टाढा हुनेभयो ।

कुनै कल्पना अथवा कुनै मान्यता आउन दिनु नै हुँदैन । अनुभवको साथ-साथैं श्वास भित्र आईरहेछ-श्वास बाहिर गईरहेछ, यो सत्य हो यसको अनुभव म आफूले गरिरहेछु । बस यसैबाट काम शुरू गर्ने । यसरी काम गर्दा-गर्दा एक दिन बित्छ, दुई दिन बित्छ, तीन दिन बित्छ ... । जसरी मन एकाग्र हुन शुरू हुन्छ, मन सूक्ष्म र तीक्ष्ण हुन थाल्छ । मन संवेदनशील हुन थाल्छ । तब आफ्नो शरीर र मनको बारेमा सत्य प्रकट हुन थाल्छ । तीन दिनसम्म मनलाई नाकको मुनि माथिल्लो ओठको माथि यस छोटो ठाउँमा लगाई राख्नु पर्छ । मन भागिर हन्छ, फेरि फर्कायो फेरि भाग्यो, फेरि फर्कायो यसरी पटक-पटक प्रयत्न गरिरहनु पर्छ परिश्रम गरिरहनु पर्छ । यसरी मन अलि शान्त हुन थाल्यो, एकाग्र हुन थाल्यो भने यस स्थानमा केही भएको महसूस हुन थाल्छ, संवेदना थाहाहुन थाल्छ । हाम्रो शरीर भरी नै यस्तै केही न केही भईरहेको हुन्छ ।

तर हाम्रो मनले केवल माथिल्लो तहको अनुभव मात्र गरिरहेको हुन्छ । भित्रको अनुभव गर्दैन । भित्र के भईरहेको छ थाहा नै हुँदैन । कुनै न कुनै जीव रासायनिक प्रतिक्रिया शरीर भरी नै भइरहेको हुन्छ । शुरूमा नाक मुनिको यो भागमा थाहा हुन्छ । केही चलेको जस्तो धड़कन जस्तो, झम्झम गरेको जस्तो, कीरा हिँडे जस्तो अनुभव हुन थाल्छ । कुरा साधारण हो तर शरीरमा जे भईरहेको छ त्यसलाई थाहा पाउनुछ । आफ्नो शरीरमा के भईरहेको छ थाहापाउनु छ ।

शुरूमा नाक मुनिको यो सानो ठाउँमा थाहा हुन्छ चौथो दिनमा त टाउको देखि पैतालासम्म शरीर भरी केही न केही खटपट भएको थाहा हुन थाल्छ । प्रत्येक क्षण यो शरीर बदलिरहेको छ, यसको साथ-साथै यो चित्त पनि बदलिरहेको छ । चित्तको यो परिवर्तनशील स्वभावलाई पनि थाहापाइन्छ । अब, यस्तो थाहापाएर के काम ? भन्ने होला । यो कुनै कर्मकाण्ड होइन, एउटा वैज्ञानिक विधि हो । यसरी श्वासलाई किन हेरेको ? किनकि श्वास र हाम्रो मनको विकारको ठूलो सम्बन्ध छ । त्यसैगरी शरीरमा भएको सम्वेदनाको पनि हाम्रो मनको विकारसंग गहिरो सम्बन्ध छ ।



Downloaded from http://www.dhamma.digital

भारतका ऋषिहरू "ऋत" नियमको अनुसन्धान गर्दथे। आफू भित्रको प्रकृतिको नियम कसरी चल्दछ यस कुराको अनुसन्धान गर्दथे त्यसैले उहाँहरूलाई ऋषि भनियो। त्यस्तै यी महापुरुष सुपर साइन्टिष्ट्ले पनि अत्यन्त पुरानो विद्यालाई पत्तालगाउनु भयो। सारा कुरा वैज्ञानिक थियो, अत्यन्त गहिर ाईमा गएर सत्य खोजी निकाले, सारा कुरा बुझे। विश्वको सारा रहस्यको खुलासा भयो। यो किन हुन्छ, कसरी हुन्छ, के हुन्छ, मान्छे किन दुःखी हुन्छ, दुःखबाट बाहिर कसरी निस्किने, सबै कुराको रहस्य थाहा पाए। उनले थाहा पाए कि मनमा कुनै विकार उत्पन्न हुने बित्तिक्कै शरीरमा सम्वेदना हुन्छ। विकार संग-संगै सम्वेदना पनि उत्पन्न हुन्छ। क्रोध उत्पन्न भयो भने शरीर तातो हुन्छ, धड्कन बढ्छ, हतास हुन्छ, शरीर काँप्छ। यसरी यो चित्त र शरीरको सम्बन्ध यति गहिरो छ कि यसलाई अलग गर्न सक्दैन। दुबै एक अर्कोमा प्रभावित भईरहेको हुन्छ।

एउटा अर्को कुरा हामीलाई होश नै छैन कि जब-जब मनमा क्रोध उत्पन्न हुन्छ तब-तब भित्र-भित्र एकप्रकारको मन नपर्ने सम्वेदना हुन्छ। गर्मी भयो, धड्कन बढ्यो, हतास भयो भने कसरी मन पर्छ ? जब अप्रिय हुन्छ तब झन् क्रोध बढ्छ। जब क्रोध बढ्छ झन अप्रिय महसूस हुन्छ। यसरी दुष्चक्र चल्छ। कुरा कहाँबाट शुरू भयो थाहापाऔं। कसैले हामीलाई अपमान गऱ्यो भने हामी उदेखि रिसाउँछौं। रीस एक पटक मात्र उठ्दैन बार-बार रिस उठिरहन्छ, क्रोधको सम्वर्धन नै सम्वर्धन गर्दैरहन्छौं, दुःखको सम्वर्धन गर्दैरहन्छौं। वास्तवमा भित्र के भई रहेको छ कहिल्यै हेरेको नै छैन, त्यसैले दुःखको सम्वर्धन गर्दैरहन्छौं।

हाम्रो देशमा मनोवैज्ञानिकहरूले मनको गहिराईसम्म हेरेर थाहापाए कि जब जब मनमा विकार अथवा विचार उत्पन्न हुन्छ त्यसको साथ-साथै एउटा आश्रव उत्पन्न हुन्छ। आश्रव भन्नाले एकप्रकारको बहाब भन्ने अर्थ हुन्छ। शरीरमा रगतको बहाबको साथ-साथै एउटा जीव रसायन (Bio-Chemical) चलेको हुन्छ। नसा भित्रबाट पनि हुन सक्छ नसा बाहिरबाट पनि हुन सक्छ। जब क्रोध उत्पन्न हुन्छ त्यो रसायन (आश्रव) उत्पन्न हुन्छ र शरीरमा बग्न शुरू हुन्छ, तब एकदम हतास महसूस हुन्छ, बेचैन हुन्छ र आफ्नो पागलपनको कारण अझ क्रोध बढाउँछ। क्रोध जति बढ्यो आश्रव झन तेजिलो हुन्छ। यसरी घन्टौंसम्म यही चक्रमा अल्झिरहन्छ। घण्टौंसम्म दुःख नै दुःख बढाइरहेका हुन्छौं। यसको जिम्मेवार को हो ? आफैं हो नि, किनकि कहिल्यै आफू भित्र के भइरहेछ हेरेको नै छैन।

आश्रवको एउटा अर्थ नशा, लाग्ने पदार्थ भन्ने पनि हुन्छ, जस्तो रक्सी आदिको नशा हुन्छ। अब नशा लाग्यो भन्नुको अर्थ आसक्ति जाग्यो भनेको हो। आफूलाई थाहा छ दुःख भयो भनिरहन्छ, आ ! यस्तो दुःख त सबैलाई हुन्छ। फेरि त्यही दोहोऱ्याई रहन्छ, मानौं दुःख बनाउने नशा लाग्यो, दुःख बनाउने नशा लाग्यो। जस्तो केही रोग लाग्यो भने खुब चिलाउँछ। तर जब कन्यायो खुब दुःख्छ, तर त्यो कन्याउने काम छोड्न सक्दैन, त्यसैमा मज्जा आईरहेको हुन्छ। किनकि त्यसैमा आसक्त भयो आफ्नो दुःखको प्रति आसक्त भयो। यसलाई बढाउँदै गयो, बढाउँदै गयो।

विपश्यना गर्दै-गर्दै यसको होश हुन थाल्छ कि एकपटक विकार आउँदैमा यो भित्र जुन अनुभव भएको हो, अब त त्यस्तो विकार जगाउँदिन। तब के गर्ने ? त्यस समय सम्वेदनाको स्वभाव कस्तो छ ? एउटा त ब्याकुल बनाउने स्वभाव भयो अर्को उत्पन्न भएर नष्ट हुने स्वभाव, उत्पन्न भएर केही समय पछि नष्ट हुन्छ। यो अनन्त समयसम्म रहँदैन। शरीरमा हुने कुनै पनि सम्वेदना अनन्तकालसम्म रहँदैन, त्यस्तै कुनै पनि सम्वेदना अनन्तकालसम्म रहँदैन। उत्पन्न हुन्छ र केही बेर रहेर समाप्त हुन्छ। त्यसैले ती अनित्य हुन्, नश्वर हुन्, भंगुर हुन्, परिवर्तनशील हुन्। अब अनुभवले थाहापायो यो त किताबमा उल्लेख गरेको कुरा होइन, न कोही सन्तले भनेको, न बुद्धले भनेको, न महावीरले भनेको न गीतामा नै लेखेको कुरा हो। यो त आफ्नो अनुभवले जानेको कुरा हो कि यो अनित्य हो, आफ्नो स्वभावले नष्ट हुने हो, लगातार नष्ट भईरहेको छ। यस्तो स्वभावको प्रति के प्रतिक्रिया गर्ने ? बस त्यसलाई हेर्न थाल्यो भने यो भवचक्र टुट्छ।

जब यो दुष्चक्र चल्यो घन्टौंसम्म क्रोध नै क्रोधमा रूमल्लिरहन्छ, वासना जागेको छ भने घन्टौंसम्म वासनामा रूमल्लिरहन्छ, अहंकार जागेको छ भने घन्टौंसम्म अहंकारमा रूमल्लिरहन्छ, अब यसको विच्छेद भएको छ भने मुक्ति पाउन थाल्छ। यसैले नै सम्वेदना हेर्न सिकेको हो, शरीर प्रति कुनै माया प्रिति जगाउनको लागि होइन। मन र शरीरको बिचमा जुन गहिरो सम्बन्ध छ त्यसलाई थाहापाउनको लागि सम्वेदना रहेको हो। हेर्दा-हेर्दा यो रहस्य जो कोही साधकले पनि थाहापाउन सक्छ, कसैले पहिलो शिविरमा नै थाहापाउन सक्छ भने, कसैले दोस्रोमा, त कसैले तेस्रो शिविरमा थाहा पाउँलान्। यसको कुनै निश्चित समय छैन, काम कति गरिरहेको छ वा काम कसरी गरिरहेको छ त्यसमा भर पर्छ। तर गर्दै जाँदा धेरै कुरा त आफै बुझ्दै आउँछ।

शुरूमा त शरीरमा स्थूल-स्थूल सम्वेदना हुन्छ। कतै गह्रुगों, कतै दुखेको, कतै थिचेको, कतै पोलेको सम्वेदना भेटिन्छन्। हुनै पऱ्यो तर तिनलाई हेर्दै जाँदा ती स्थूल



Downloaded from http://www.dhamma.digital

सम्वेदना पग्लेर जान्छ, कतै स्थूलपना वा ठोसपना रहँदैन । सारा शरीर केवल तरंग नै तरंग महसूस हुन्छ। यो सारा मार्ग सत्यको दर्शन गर्नको लागि हो। हुनत यो ठोसपना पनि सत्य हो तर यसलाई नियालेर हेर्न जानियो भने यस भित्रको गहिरो सत्य सारा शरीर परमाणु नै परमाणुले बनेको अनुभव हुन थाल्छ। परमाणु जस्मा ठोसपना नै छैन । साँच्चै ठोस पना भनेको नै छैन। ती साना परमाणु कण पनि एउटा तरंग भैं उत्पन्न हुन्छ, नष्ट हुन्छ। सारा शरीर केवल तरंग नै तरंग। जुन माटोको ढिस्को भैं निर्जीव थियो अब सारा शरीर सजीव र जागृत भएको छ।

अब धेरै कुरा भित्रसम्म बुझ्न थाल्छ। दश दिनको शिविर, बीस दिनको शिविर, तीस दिनको शिविर अथवा अझ बढी समयको शिविर लियो भने त सारा रहस्य खुल्दै जान्छ। कानमा ठोक्कियो भने तरंग नै तरंग महसूस हुन्छ। त्यस्तै आँखाले हेर्दा कुनै रूप, रंग देख्ने बित्तिक्कै तरंग नै तरंग महसूस हुन्छ। नाकमा कुनै गन्ध आयो भने तरंग नै तरंग, जिब्रोमा कुनै स्वाद पऱ्यो भने पनि तरंग नै तरंग र मनमा कुरा आयो भने पनि तरंग नै तरंग।

मनको चार भाग छन्। पहिलो भागले टाउको उठाएर भन्छ अरे के भयो ? कानको प्वालमा केही भयो अथवा आँखामा केही भयो। यी छ : वटा इन्द्रियहरू मध्ये कुनै एक इन्द्रियको ढोकामा केही खटपट हुने बित्तिकै मनको दोस्रो भागले टाउको उठाउँदै भन्छ यो के को आवाज आयो ? आफ्नो पुरानो अनुभवको आधारमा थाहापाउँदछ कि यो के को शब्द ? ओहो गालीको शब्द, प्रशंसाको शब्द आदि। उसले चिनियो यही दोस्रो भागको काम हो। उसले मूल्याँकन गऱ्यो। गालीको शब्द मनपरेन, प्रशंसाको शब्द मनपऱ्यो अब मनको तेस्रो भागले टाउको उठाउँछ मन परेन भने शरीर भरी दुःखद् तरंग चल्न थाल्छ। प्रशंसाको शब्द भए राम्रो लाग्छ र शरीर भरी राम्रो मीठो तरंग चल्न थाल्छ। अर्थात् मनको तेस्रो भागले शरीरमा हुने सम्वेदना महसूस गर्न थाल्छ। यति भएपछि मनको चौथौं भागको पालो आउँछ, उसले प्रतिक्रिया गर्दछ– यो गाली दिएको हो, मन परेन, मलाई यो चाहिँदैन। त्यस प्रति द्वेष गर्दछ। प्रशंसा गरेको हो भने, यो मन पऱ्यो, मलाई यो चाहिन्छ, यो अझ बढी चाहिन्छ। त्यसप्रति राग गर्दछ र आसक्ति हुन्छ। यसरी यस सारा प्रपञ्चलाई जानिरहेको हुन्छ, कसरी राग उत्पन्न हुन्छ, कसरी द्वेष उत्पन्न हुन्छ, कसरी विकार जाग्दछ। यदि हामीलाई होश छैन भने यो बढ्दै बढ्दै जान्छ। यदि हामीलाई होश छ भने यसलाई बढ्न दिँदैनौं। त्यसलाई निर्लिप्त भएर हेरिरह्यौं भने त्यसको तागत कम हुँदै जान्छ, नयाँ खाना पाएन भने त अवश्य कमजोर हुँदै जान्छ, बलवान हुन पाउँदैन, निर्बल हुँदै-हुँदै समाप्त हुन पुग्छ।

अब यस प्रयासलाई चाहे जो सुकैले गरून्, के फरक पर्छ र ? जसले गर्छ उसलाई परिणाम पाउँछ। हाम्रो देशमा भित्र हेर्ने विधिको प्रादुर्भाव भयो। विकार जहाँ जाग्यो त्यसलाई त्यहीं खतम गर्नु, अगाडि बढ्न नदिनु। यसरी विस्तारै-विस्तारै विकार बन्ने स्वभाव बदल्दै जान्छ। यो सार्वजनिन विद्या कुनै एउटा सम्प्रदायको लागि होइन, कुनै एउटा समाजको लागि होइन, कुनै एउटा देशको लागि होइन। सारा विश्वको लागि हो, त्यसैले विश्वभर फैलियो, तेज गतिले फैलियो। अब फेरि यसै कामको लागि जागेको छ। सबैको रोग एउटै छ, सार्वजनिन छ त्यसैले यसको उपचार पनि सार्वजनिन छ।

भारत देशमा फल्यो र सार्वजनिन धर्म उजागर भयो र विश्वभरी फैलियो। अब फेरि जाग्ने समय आएको छ। यसमा अरू कुरा थपिदियो भने कठिनाइ बढ्न सक्छ। जुन कुरा जोड्न चाहेको हो त्यसलाई एकातिर राख्नु, जुन आफ्नो मान्यता छ त्यसलाई एकातिर राख्नु र भित्रको सत्यलाई नियाल्नु, हेर्दै जानु। हेर्दै जाँदा नै थाहा हुन्छ कि बाहिरबाट स्थूल ठोस लाग्ने यो शरीर केवल परमाणु नै परमाणुको हो भन्ने अनुभव हुन थाल्छ। त्यो पनि तरंग नै तरंग यसको अलावा केही छैन। यो मन बड़ो घनीभूत छ, मनमा कुनै विकार जागेको छ भने बडा घनीभूत भएर आउँछ तर हेर्दै जाँदा टुक्रा हुँदै तरंग नै तरंग देखा पर्छ। "**सब्बो पज्जलितो लोको** ...." ।

भगवानले भन्नु भयो– सबै तरंग नै तरंग छन्, यसको अलावा केही छैन यस शताब्दीका वैज्ञानिकहरू पनि यही भन्छन् कि "संसारका पदार्थहरू सबैमा ठोस पना भनेको छैन, सबै तरंग नै तरंग छन् ..." कुरा त उही हो। वैज्ञानिकहरूले मेशिनको प्रयोग गरेर यस कुरालाई प्रमाणित गरे तर यी महामानवले आफ्नो अनुभवले जाने। साधकले पनि आफ्नो अनुभवद्वारा थाहापाउँदै थाहापाउँदै शरीर भरी तरंग नै तरंग महसूस गर्दछन्। शरीरमा हेर्दै जाँदा कहीं कतै ठोस भैं लागेको भेट्टियो भने त्यही शाश्वत, नित्य भैं लाग्नेछ। त्यसलाई सही नठान्नु, हेर्दै जानु- हेर्दै जानु, ती पनि टुक्रा हुँदै, विघटन हुँदै जान्छ। किनकि यो प्रकृतिको नियम हो, शरीर र चित्तको क्षेत्र भनेको अनित्यको क्षेत्र हो। हो, हामीलाई धोका हुन सक्छ कि यो कतै शाश्वत, ध्रुव हुन कि ? हेर्दै-हेर्दै गयौं भने पहिला एक मुट्ठी भरको क्षेत्र टुक्रा-टुक्रा हुँदै हुँदै औंला भरिको हुन जान्छ, जसलाई अंगुष्ठ प्रमाण भनिन्छ। त्यो पनि टुक्रा हुँदै-हुँदै तिल भैं सानो बन्दछ, पछि त्यो पनि टुक्रा हुँदै-हुँदै रौं भैं मसिनो हुन्छ। त्यसलाई पनि हेर्दै गयौं भने यस हृदय ग्रन्थि पनि टुक्रा हुन्छ र सारा शंका हट्छ। अब सारा कुरा बुझिन थाल्छ किनकि अब शंका गर्ने ठाउँ नै रहेन, के को शंका ? किनकि अर्को क्षेत्रको साक्षात्कार भयो। शरीर र चित्तको जुन



Downloaded from http://www.dhamma.digital

क्षेत्र छ त्यो अनित्यको क्षेत्र हो, जुन प्रत्येक क्षण उत्पन्न हुन्छ नष्ट हुन्छ। तर हाम्रो पागलपन यस्तो कि त्यस प्रति नै राग जगाईरहने, द्वेष जगाईरहने। यस राग-द्वेषबाट मुक्त भयो भने नै विकारबाट मुक्त हुन्छ, यस भन्दा परको अवस्था प्राप्त हुन्छ, जुन नित्य छ शाश्वत छ, ध्रुव छ। त्यसलाई जुनसुकै नाम र ाखुन् तर त्यस अवस्थाको साक्षात्कार हुनु पर्छ, त्यसको अनुभूति हुनु पर्छ।

अनुभव त हुन सकेन तर आपसमा झगडा भने गरिरहन्छन्। तिमी यस्तो मान्यता मान्ने, हामी यस्तो नमान्ने आदि। यस्तो झगडाले के पाउँछ ? केही सिक्न पाएन नि। त्यसैले पहिला स्वअनुभवले थाहापाउनु मान्ने भयो भने अन्ध विश्वास हुन जान्छ। हाम्रो परम्परामा यस्तो भनिएकोछ। त्यसैले मानेको। हाम्रो दार्शनिक मान्यता सही हो त्यसैले मानेको। तिमीलाई ज्ञान चाहीं कहिले भयो ? ज्ञान त पाएन नि ! अब अनुभव गर्नु। अनुभव गऱ्यौ भने स्वाद पाउँछ, इन्द्रिय भन्दा परको अवस्था हो, जहाँ इन्द्रियले काम गर्दैन, त्यस्तो अवस्थामा केही मिनेट, पाँच मिनेट, दश मिनेट, घण्टा भर अथवा त्यो भन्दा बढी समयसम्म तर पछि फेरि इन्द्रिय जगतमा आउन सक्छ। फेरि त्यसै काममा लाग्न सक्छ। तर अब भने त्यस व्यक्तिको स्वभावमा धेरै परिवर्तन हुन्छ। किनकि विकार बाट मुक्त भएर फर्किएको छ। अब यस अवस्थाको कसरी वर्णन गर्ने, स्वाद चाख्यो सिद्धियो बस।

जस्ले यसको वर्णन गर्न खोज्छ, होश गर्नु कि त्यस्तो व्यक्तिले यस्तो अनुभव गरेको नै छैन। त्यसैले लामो-लामो भाषण गर्दछ कि नित्य शाश्वत, ध्रुव यस्तो-उस्तो। सम्पूर्ण जीवन अनित्यको क्षेत्रमा बिताईरहेका छौ भने हाम्रो-तिम्रो कहाँबाट आउँछ ?

त्यसैले यस्तो अन्यौलमा नफस्नु, अनुभव नै गर्न खोज्नु। कोही सत्यको साक्षात्कार गरेको व्यक्तिलाई कसैले यस्को बारे थाहापाउन चाह्यो तब सन्तले जवाफ दिए "रूप छैन, रंग छैन, सेतो छैन, कालो छैन" त्यहाँ न रूप छ न रंग छ। न सेतो नै छ न कालो नै। कोही भन्छ मेरो परमात्मा कालो रंगको छ, कोही भन्छ मेरो परमात्मा गोरो रंगको छ।

वर्णन गरेर के पाउँछ अनुभव भयो भने पो कल्याण हुन्छ तब धर्म धारण गरेर जुन फल पाउनु पर्ने हो त्यो पाउँछ अन्यथा व्यर्थको कुरा नै भयो।

धर्म केवल गफ गर्ने विषय अथवा मनोरञ्जन गर्ने विषय ठानियो भने ठूलो हानि भयो। धर्मको प्रवचन सुन्न जानु नराम्रो काम होइन तर यसलाई मनोरञ्जनको विषय बनायो– आज फलानोको प्रवचन सुन्यो, भोलि अर्को व्यक्तिको सुन्यो, पर्सी फेरि अर्को व्यक्ति ... । यसरी सुन्न थाल्यो भने सारा जिन्दगी सिद्धिन्छ तर सुन्ने काम सकिँदैन। जिन्दगी भर केही गरिँदैन। जुन दिन मैले पनि गर्नु पऱ्यो भन्ने बुझिन्छ, जुन दिन सत्यको अनुभव गरेर हेर्नु पऱ्यो भन्ने थाहा हुन्छ, जुन दिन मेरो विकार कहाँ उत्पन्न भएको छ भन्ने जान्न चाहन्छ, कसरी सम्वर्धन भईरहेको छ भन्ने थाहा पाउन चाहन्छ, त्यसलाई कसरी रोक्ने भन्ने सिक्न चाहन्छ, कसरी जरासम्म हटाउने भन्ने थाहापाउन चाहन्छ बस, कल्याणको मार्ग प्राप्त भयो।

भारत देशका एकजना सन्त व्यक्तिले भनेका छन्– चारै तर्फ जता हेरूँ त्यतै मानिसहरू बोलिरहेका छन् मानौं बोल्ने व्यक्तिलाई व्यसन लाग्यो, बोलेको छ, बोलेको छ। अरूलाई हेरेर बडो खुसी हुन्छन् कि हेर मानिसहरू मेरो कुरा सुनिरहेका छन्, म कति राम्रो बोल्ने मान्छे, कस्तो राम्रो धर्म गुरु हुँ। यसको व्यसन लाग्छ। त्यस्तै सुन्ने व्यक्तिहरूलाई पनि व्यसन लाग्छ कि आज त कति राम्रो कुरा सुनें, आज त धेरै राम्रो कुरा सुन्न पायो। दुबै आ-आफ्नो मस्तीमा छन्। त्यसैले वहाँ भन्नु हुन्छ "**कथे न होई**" बोल्दैमा केही हुँदैन, '**सुने न होई**' केवल सुनेर पनि केही हुँदैन। त्यसो भए के गर्दा हुन्छ ? तब उहाँ भन्नु हुन्छ '**कीये होई**' गर्नाले हुन्छ।

काम गरेर हुन्छ, मनुष्यको जीवन बडो अनमोल छ। अनमोल यस अर्थमा कि यो काम कोही पशुले गर्न सक्दैन, कोही पंक्षीले गर्न सक्दैन, कोही प्रेत-प्राणीले गर्न सक्दैन, कोही कीरा-फट्याङग्राले गर्न सक्दैन। यो काम केवल मनुष्यले मात्र गर्न सक्छ। प्रकृति अथवा भनौं परमात्माले मनुष्यलाई यति धेरै शक्ति दिएको छ कि अन्तरमुखी भएर आफू भित्रको विकार उत्पन्न भएको थाहा पाउन सक्छ, त्यसलाई अन्त गर्न सक्छ, निकाल्न सक्छ, त्यसबाट मुक्त हुन सक्छ। ओहो, यस्तो अनमोल जीवन पाएको छ तर बाहिरको कुरामा अल्झिरहने। अब त होशमा आउनु पऱ्यो। अन्तरमुखी भएर सत्यको दर्शन गर्नु पऱ्यो सही अर्थमा आफ्नो कल्याण गर्नु पऱ्यो। सही अर्थमा आफ्नो मंगल गर्नु पऱ्यो। यस धर्म सभामा आउनु भएका सबै पुण्यशाली हुनुहुन्छ, पुण्यको बीउ थियो त्यसैले धर्म-सभामा सम्मिलित हुन पायो। पुण्य नभएको भए यस समय कुनै सीनेमा हेर्न जान्थ्यो होला, कुनै आमोद-प्रमोदमा बित्थ्यो होला। धर्मको बीऊ त छ तर संधै बीऊ बनेर नरहुन्, अंकुरित हुन पाउन् ठूलो भएर फल दिने होस्। यसले खूब कल्याण हुनेछ ! खूब मंगल हुनेछ !

यस धर्म सभामा आउनु भएका सबैको मंगल होस् ! सबैको कल्याण होस ! सबैको स्वस्ति मुक्ति होस्। ❖

*(साभार- 'विपश्यना' वर्ष-३४, अङ्क-४, २०७४ श्रावण)*



Downloaded from http://www.dhamma.digital

# प्राकृतिक नियम पट्ठानलाई चिनौं–२

✍ सुशीला देबी मानन्धर (वीर्यवती गुरुमां)

जस्तो–

पथवी - हल्का र भारी स्वभाव भएको पृथ्वी धातु

आपो - बग्ने र जम्ने स्वभावको जल धातु

तेजो - तातो र चीसो स्वभावको अग्नी धातु

वायो - चलाउने र अडाउने स्वभावको वायु धातु।

यसरी पञ्चस्कन्ध (१) रूप (पथवी, आपो, तेजो, वायो) (२) वेदना (३) सञ्ञा (४) संखार र (५) विञ्ञाण संगसंगै उत्पन्न भएर पनि यी पाँचवटा, स्कन्धले आ-आफ्नो स्वभावको काम गरेर संगसंगै लोप पनि हुन्छन्।

(७) **अञ्ञमञ्ञ पच्चयो (Mutuality Conditon)**

चित्त अर्थात् नामका चार स्कन्धहरू (वेदना, सञ्ञा, संखार र विञ्ञाण) एक आपसमा सम्वन्धित एकले अर्कोलाई सहारा दिंदै उत्पन्न हुन्छन् । एक अर्काप्रति आधारित भएका यी तत्त्वहरूको उत्पत्तिलाई अञ्ञमञ्ञ पच्चयो भनियो।

यसरी नै प्रतिसन्धिको क्षणमा नाम र कम्मज रूपले एक आपसमा उपकार गरिरहेको हुन्छ।

(८) **निस्सय पच्चयो (Dependence Condition)**

निस्सय भनेको नै आश्रय हो। एक तत्त्वको सहाराले अर्को तत्त्व उत्पन्न हुने अवस्था। उदाहरणको लागि चित्तका चार स्कन्धहरू (वेदना, सञ्ञा, संखार र विञ्ञाण) एउटाले अर्काको आधार लिएर उत्पन्न हुन्छन्। यसरी नै चार महाभूतहरू (पथवी, आपो, तेजो र वायो) पनि एक आपसको सहारा लिएर नै उत्पन्न हुन्छन्।

त्यति मात्र होइन जन्म लिने समयमा चित्त र चित्तमा उत्पन्न भावना अनुसारको रूप पनि एक आपसको सहाराले उत्पन्न भएका हुन्छन्। रिसाउने बेला रीस अर्थात् द्वेषयुक्त चित्तले उत्पन्न भएको रूप डरलाग्दो हुन्छ। यसरी नै यहाँ चित्तको कारणले उत्पन्न चित्तज रूप र चित्त एक आपसमा आधार लिई भर परेका हुन्छन्।

(९) **उपनिस्सय पच्चयो**
**(Powerful Dependence Condition)**

पहिला गरेको कार्यको बलियो आश्रयको परिणाम पछि गरेको कार्यमा असर परिरहेको हुन्छ। यस सिलसिलामा पहिला कुसल कार्य गरेको छ भने त्यस कुसल कार्यको सहाराले पछिल्लो कार्य अझ कुशल पनि हुन सक्छ, अकुशल पनि हुन सक्छ।

उदाहरणको लागि कसैले दान कार्य बढि धुमधाम पूर्वक गर्दछ। यस दान कार्यबाट आफूलाई पछि राम्रो फल दिनेछ भन्ने कुरा पनि थाहा छ। यदि आफ्नो मनलाई आफ्नो अधिनमा राख्न सकिएन भने पहिला गरेको दान कार्यको बलियो आधार लिई मैले जस्तो दान कसले गर्न सकेको छ र ? भन्ने अहंकारी भावना उत्पन्न भई मनमा अकुशलले ठाउँ लिने गर्छ। यही अकुशल चेतनाको अधिनमा रही अरूहरू प्रति पनि अकुशल व्यवहार गरी अकुशल कर्म रोप्ने काम गरिरहेको हुन्छ।

यहाँ पहिलो कुशल कार्यको बलियो आधार लिई पछिल्लो दूषित कार्य रोपिएको ठहरिनेछ। यसरी नै अकुशल कार्यको बलियो सहारा लिई पछि पनि अकुशल कार्य नै गर्ने पनि हुन्छन् यस्तो अवस्थामा जुन मनोवृत्तिको सहारा लिइन्छ त्यसले हामीलाई त्यस्तै मनोवृत्तितर्फ तानेर लाने गर्छ।

(१०) **पुरेजात पच्चयो (Pre-nascence Condition)**

पुरेजात भन्ने वित्तकै पहिला उत्पन्न भएको भनेर जनाउँछ। पहिला उत्पन्न भएको कारणले पछिल्लो परिणाम आउने हुन्छ। उदाहरणको लागि पहिला रूप आयो, यसको कारणले चक्षु विज्ञान उत्पन्न भयो। उदाहरणको लागि–

**"चक्खायतन चक्खु विञ्ञाण धातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजात पच्चयेन पच्चयो"**

अर्थात्- चक्षु आयतनले देख्ने मनको लागि उक्त मन संगसंगै उत्पत्ति हुने चित्त चेतसिक सम्पयुत्त धर्महरूलाई अगाडि उत्पन्न भएर त्यसपछि उत्पत्ति हुने धर्मलाई सहयोग गरेको हुन्छ। यसरी नै सोतायतन लगायत अन्य आरम्मणहरूबाट पनि यसरी नै काम गरिरहे को हुन्छन्।

(११) **पच्छाजात पच्चयो**
**(Post - Nascence Condition)**

पछि उत्पन्न भएर उपकार गर्ने कार्यलाई पच्छाजात



Downloaded from http://www.dhamma.digital

पच्चयो भनिन्छ । पछि उत्पत्ति भएको चित्त चेतसिक धर्मले पहिला उत्पन्न भएका रूपलाई उपकार गरिरहेको हुन्छ ।

उदाहरणको लागि पहिले उत्पन्न भएको रूप केही कारणवस झयाउरिएर गइरहेको रहेछ भने पछि खुशी हुने वातावरणले साथ दिएछ भने त्यहाँ त्यस्तै चित्त चेतसिक धर्म उत्पन्न भई पहिलाको रूपलाई उपकार गरेर तेजिलो बनाइदिन्छ ।

यसरी पछि उन्पन्न भएको चित्तले अगाडि उत्पन्न भएको चित्तज रूपलाई उपकार गर्ने चित्त चेतसिकलाई पच्छाजात भनिन्छ ।

(१२) **आसेवन पच्चयो (Repetition Condition)**

**"पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवन पच्चयो न पच्चयो"** अर्थात्- अगाडि यदि कुशल चित्त उत्पन्न भएको छ भने पछि पनि कुशल धर्म नै उत्पन्न भई उपकार गरिरहेको अवस्थालाई आसेवन पच्चयो भनिन्छ । जवन चित्त ७ वटा लहरै कुशल भई एकले अर्कोलाई आसेवनले उपकार गरिरहने अवस्था। त्यसको बीचमा अकुशल चित्त घुस्न सक्दैन ।

यसरी नै प्रथम जवन चित्त अकुशल भयो भने त्यसको लहरै ७ नं सम्म पनि जवन चित्त अकुशल नै हुन्छ। कुशल चित्त घुस्न पाउँदैन ।

(१३) **कम्म पच्चयो (Kamma Condition)**

कुशल अथवा अकुशल कर्म गरे अनुसारको फल प्राप्त गरी जीवन धारा चलाउनु पर्ने हुन्छ भने सोही फल अनुसारको पुनर्जन्म प्राप्त हुनेछ। अकुशल कर्मले दुःखपूर्ण जीवन प्राप्त हुनेछ भने सोही अनुसारको नराम्रो शरीर पनि प्राप्त हुनेछ । कुशल कर्म गरे बापत राम्रा जीवन प्राप्त हुनेछ भने सोही अनुसारको शरीर पनि प्राप्त हुनेछ । यसरी जस्तो कर्म रोप्छ सोही अनुसारको फल प्राप्त हुनेछ ।

(१४) **विपाक पच्चयो (Kamma - Result Condition)**

कर्म रोप्नको लागि प्रयोग गरिएको चित्त सन्तति अनुसारको विपाक सञ्चय हुँदै जान्छ । यसरी चारवटा अरूपी विपाक स्कन्ध परस्पर विपाक–प्रत्यय संग सम्वद्ध भइरहेका हुन्छन् । (वेदना, सञ्ञा, संखार विञ्ञाण)

(१५) **आहार पच्चयो (Nutriment Condition)**

हातले ठोस रूपमा लिएर खाने आहारले शरीरलाई प्रतिपालन गर्छ भने (स्पर्श, विञ्ञाण, र चेतना) चित्त र चेतसिकसंग सम्वन्धित भई चित्तलाई आहार प्रदान गरिरहेको हुन्छ ।

(१६) **इन्द्रिय पच्चयो (Faculty Condition)**

चक्षु इन्द्रिय, चक्षु विज्ञान धातु र यससंग संयुक्त रहेका धर्महरूका साथ इन्द्रिय प्रत्यय (पच्चय) संग सम्वद्ध भइरहेको हुन्छ ।

यसरी नै घाण इन्द्रिय, जिह्वा इन्द्रिय, काय इन्द्रिय पनि यससंग संयुक्त रहेका धर्महरूका साथ इन्द्रिय प्रत्ययसंग सम्वद्ध भइरहेका हुन्छन् । रूपजीवित इन्द्रिय कर्मवाट उत्पन्न भएका रूपहरूका साथ इन्द्रिय-प्रत्यय संग सम्बन्ध भइरहेका हुन्छन् ।

अरूपी इन्द्रियहरू आफ्नो संयुक्त धर्म र यसबाट उत्पन्न हुने रूपहरूका साथै इन्द्रिय प्रत्ययसंग सम्वद्ध भएको हुन्छ ।

(१७) **झान पच्चयो (Jhana Condition)**

ध्यान अंगहरू चित्त र चेतसिकसंग सम्बन्धित हुन्छन्। ध्यानका अङ्गहरू ध्यानसंग संयुक्त धर्म र त्यसबाट उत्पन्न हुने रूप ध्यान-प्रत्ययसंग सम्बद्ध हुन्छन् ।

(१८) **मग्ग मच्चयो (Path Condition)**

मार्गको अंग मार्गसंग संयुक्त धर्महरू र यिनीहरूसंग उत्पन्न हुने रूपको साथै मार्ग-प्रत्ययसंग सम्बद्ध हुन्छन्।

यहाँ मार्गले आर्य अभ्यासलाई जनाइरहेको छ । यसको ज्ञानले जन्म मरण चक्रबाट नै मुक्त गराउने बाटो मा डोऱ्याउँछ ।[७]

(१९) **सम्पयुत्त पच्चयो (Association Condition)**

वेदना, सञ्ञा, संखार र विञ्ञाण आदि ४ अरूपी स्कन्धहरू एक आपसमा सम्बन्धित भएर उत्पन्न हुन्छन्।

(२०) **विप्पयुत्त पच्चयो (Dissociation Condition)**

एक अर्कासंग घुलमिल नभई अलग्ग अलग्ग उपकार गर्ने कार्यलाई विप्पयुत्त भनिन्छ । रूपस्कन्ध र नामस्कन्ध एक अर्कासंग नमिसीकन अलग्ग अलग्ग आफ्नो स्वभाव अनुसार उपकार गरिरहेको हुन्छ ।

७. "Patthan in Daily Life" U Hla Myint, 2010, Page 188.



Downloaded from http://www.dhamma.digital

(२१) **अत्थि पच्चयो (Presence Condition)**

जसरी चार नाम स्कन्धहरू एक आपसमा रहेर आ-आफ्नै अस्तित्व अनुसाार उपकार गरिरहेका हुन्छन् । त्यसरी नै रूपस्कन्धका चार महाभूतहरूले पनि आ-आफ्नै अस्तित्त्व अनुसार एक साथ रही उपकार गरि रहेका हुन्छन् ।

जन्मने समयमा, गर्भाधानको समयमा नाम, रूप एक साथ रही यिनीहरूको अस्तित्त्व अनुसार एकआपसमा उपकार गरिरहेका हुन्छन् । यसरी नै चित्त, चेतसिक र चित्तमा उत्पन्न धर्म र रूप दुबैको एकसाथ अस्तित्त्व हुन्छन् र एकआपसमा उपकार गरिरहेका हुन्छन् ।

(२२) **नत्थि पच्चयो (Absence Condition)**

एक तत्त्वको अभाव हुँदा त्यसबाट कुन परिणाम उत्पन्न भयो ?

उदाहरणको लागि बत्ति बाल्दा चारैतर्फ उज्यालो छर्दछ । तर बत्ति निभ्दा अन्धकार व्याप्त हुन्छ । बत्ति निभ्नुको परिणाम अन्धकारले स्थान लियो । यसरी नै तत्काल निरूद्ध भएको चित्त चेतसिक धर्म प्रत्ययोत्पन्न चित्त चेतसिक धर्मसंग नत्थिपच्चयो कार्यको रूपले सम्बद्ध हुनेछ ।

(२३) **विगत पच्चयो (Disappearance Condition)**

एक तत्त्व लुप्त भएपनि चित्तधारा चलिरहने अवस्थामा हाम्रो पुरानो संस्कारले कार्य अगाडि चलाइरहेकै हुन्छ । संस्कारको कारणले विञ्ञाणले कार्य गरिहेकै हुन्छ । वर्तमान जीवनमा मात्र होइन, मृत्यु उपरान्त पनि संस्कारले विञ्ञाण उत्पन्न गरिरहेकै हुन्छ । यस जन्मको चित्त र शरीर समाप्त भएपनि अर्को जन्मको चित्त धाराको शुरूवाट भइसकेको हुन्छ । त्यसैले विगत (लुप्त) भएपनि चित्तधारा चलिरहेकै हुन्छ ।

(२४) **अविगत पच्चयो**
**(Non-disapperance Condition)**

नाम स्कन्ध (वेदना, सञ्ञा, संखार र विञ्ञाण) ४ वटा संगै भएर उपकार गर्छ भने पथवी, आपो, तेजो र वायो पनि संगै भएर उपकार गर्छ ।

प्रतिसन्धि क्षणमा पनि नाम र रूप दुबै संगसंगै रही कार्य गरेको हुन्छ । यसरी नै कुनै वस्तु देख्ने चित्त उत्पत्ति हुँदा उक्त देख्ने मन संगै चित्त चेतसिक धर्महरू अलग्ग नभई संगै रहेर कार्य गरेको हुन्छ । यसरी नै कानले सुन्ने अवस्था, नाकले सुँघ्ने अवस्थामा, जीब्रोले रसस्वाद लिने अवस्थामा, शरीरले स्पर्श गर्ने अवस्थामा यसरी नै कार्य गरिरहेको हुन्छ ।

यसरी चित्त, चेतसिक, रूप र निर्वाण सम्वन्धि प्रकृतिको सत्य तथ्य नियमलाई अनुसन्धान गरी भगवान् बुद्धले पट्ठानको रूपमा अमूल्य ज्ञान हामी माझ् प्रस्तुत गरिदिनु भएको छ ।

सत्यताले भरिएको यस ज्ञानलाई पाठ मात्र गर्नाले पनि अमनुष्य भयले नछुने जन विश्वास छ । सत्यमा अडिएको यस संसारको लागि सत्यको शक्ति प्रवल रहेको यो पट्ठान कुनै तन्त्र मन्त्र त अवश्य पनि होइन । प्राकृतिक नियमको सत्यता रूपी अमूल्य शक्ति यसमा विद्यमान रहेको छ ।

पट्ठानमा उल्लेखित सत्य नियमानुसार हाम्रो दैनिक जीवन चलाउन सकेमा हाम्रो मानसिक शक्ति (मनोबल शक्ति) प्रवल हुने निश्चित छ । जहाँ मानसिक शक्ति प्राप्त हुन्छ त्यहाँ ठूलठूला समस्या साधारण समस्यामा परिणत गर्न सक्ने छ । त्यसैले पट्ठानलाई हामीले भौतिक एवं आध्यात्मिक सुखको श्रोतको रूपमा मात्र होइन जन्म मरणचक्रबाट नै मुक्त हुनसक्ने साधनको रूपमा पनि लिनसक्छौं ।

॥ भवतु सब्ब मंगलम् ॥

सन्दर्भ साम्राग्री–

(१) Dr. MEHM TIN MON, **"The ESSENCE of BUDDHA ABHIDHAMMA"**, Mehm Tay Zar Mon, Yadanar Min Literature Yangen - 1995 April
(२) U Hla Myint, "Patthan in Daily Life", 2010
(३) भिक्षु प्रज्ञा श्री स्थविर (प्रवचक), **"पट्ठान पालि देशना"**, प्रस्तोता- दोलेन्द्र रत्न शाक्य २०६८
(४) भिक्षु सुदर्शन महास्थविर - सं. **"बुद्ध चित्त व विपस्सना विषय् इन्द्रनारायण मानन्धर"** पट्ठान-नय, २०५२
(५) **"तिक पट्ठान, विपश्यना विशोधन, विन्यास"**, धम्मगिरी इगतपुरी, २०१२



Downloaded from http://www.dhamma.digital

# रूपान्तरित विहारहरूबाट थेरवाद बुद्धधर्मको उत्थान–३

✍ श्यामलाल चित्रकार

वि.सं २०१४ देखि विहार संग सम्बन्धित भई हाल ८३ वर्ष उमेर भईसक्दा पनि विभिन्न संघ संस्थाको कृयाकलापमा संलग्न भई मुनि विहारको छैठौं पटक सम्म पनि दायक सभाको अध्यक्ष भई उत्तिकै सकृय भई मुनि विहारलाई सेवा गरी रहेका छन् ।[३१] विहार प्रमुख भिक्षु विपस्सी धम्मारामो महास्थविर र राजकीय पण्डित डा. भिक्षु नन्दको छोटकरी विवरण तल प्रस्तुत गरिएको छ ।[३२]

**भिक्षु विपस्सी धम्मारामोः**

भिक्षु विपस्सी धम्मारामो (श्रीराम गाईजु) भक्तपुर नगरको वडा २, जेला टोलवासी माता केशरीमाया तथा पिता काजिबहादुर गाईजुका साहिला छोराको रुपमा २०२१ सालमा जन्मी २०३२ सालमा यसै मुनि विहारका भिक्षु रत्नज्योति महास्थविरबाट प्रव्रज्या पाएका हुन् । नेपाल तथा भारतमा गरी माध्यमिक शिक्षा पूरा गरेका उनी २०४२ सालदेखि थाईलैंडको राजधानी बैंकंकको प्रसिद्ध राजकीय विहार वात्पवरनिवेस विहारमा राजगुरु परमपूज्य संघराज सोमदेद् फ्राञाणसंवर (सुवड्ढन महास्थविर) को छत्रछायामा बसी उनैको उपाध्यायत्वमा २०४४ साल पौष ६ गते उपसम्पदा पाएका तथा महामकुट बौद्ध विश्वविद्यालयबाट २०५८ सालमा स्नातकोत्तर भएका उनले संघराजको कार्यकाल भरि नै २५ वर्ष संघराजको सचिवालयमा सेवा गरेका हुन् । नेपाली बौद्ध-लेखन क्षेत्रमा पनि रुचि राख्ने उनका महाजनक राजाको कथा (थाईलैंडका राजा भूमिबल अतुल्यतेजकृत) ३०,००० प्रति तथा बालपयोगी सचित्र बुद्धजीवनी (थाइलैंडका भिक्षु बुद्धदासकृत) १,००,००० प्रति छापिएको प्रमुख अनुवाद कृतिहरू हुन् । उनी विहारको प्रमुख भिक्षु भएजस्तै थाइलैंडमा धार्मिक सेवा गरिरहेका हुनाले थाइलैंडको सहयोगद्वारा मुनि विहारलाई नेपालमा नै उत्कृष्ट विहारको स्तरमा पुऱ्याएको तथा सामुहिक प्रव्रज्या तथा उपसम्पदाको योजनाको अगुवाई गरिरहेको सबैको सामु स्पष्ट नै छ । उनी मुनि विहार भिक्षु तालिम केन्द्रका संस्थापक हुन् । यस केन्द्रबाट थाइलैंडमा पढ्न जाने भिक्षु-श्रामणेरहरूको हेर-विचार गर्ने जिम्मावारी भिक्षुगुरु पनि उनै हुन् । उनले नै भक्तपुर को मुनि विहार पुस्तकको पनि योजना, लेखन तथा सम्पादन गरेका छन् ।

**भिक्षु डा. नन्द (पुष्पराज शाक्य)**

भिक्षु डा. नन्द महास्थविर भक्तपुर नगरको वडा ६ मा अवस्थित यो मुनि विहार वा धर्म उत्तम महाविहार निर्माताका सन्तति इनाचोक टोलवासी पिता श्री नाति शाक्य तथा माता श्रीमती मसिनुमाया शाक्यबाट २०१६ साल पौष ७ गते जन्मेका हुन् । परिवार नै मुनि विहार दाता मुनि विहारमा सेवारत बुद्धानुयायी भएका तथा मुनि विहार उद्धारक भिक्षु रत्नज्योति महास्थविरको साथमा लागेर गई ललितपुर जिल्लाको ठेचो गाउँमा २०३३ सालमा प्रव्रज्या पाएर केही महिनापछि नै श्रीलंका पुगेका उनी श्रीलंकाको पुरानो शिक्षातिर संस्कृत र पाली विषयमा स्नातक भई राजकीय विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण भए । नेपालका उपसंघनायक स्व. भिक्षु कुमारकाश्यप महास्थविर जस्तै श्रीलंकाबाट त्रिपिटकाचार्य उपाधि पाएका उनी श्रीलंकामा विद्यावारिधि पाएका उनी श्रीलंकामा विद्यावारिधि गर्ने पहिला नेपाली भिक्षु हुन् । श्रीलंकामा नै २०४४ आषाढ ३ गते उपसम्पदा पाएका उनले २०५७ देखि २०६० साल सम्म मुनि विहारको अधिपति भएर उपोसथागार मन्दिर निर्माणमा योगदान दिए । उनी मुनि विहार भिक्षु तालिम केन्द्रका संस्थापक पनि हुन् । ३० अगष्ट २०१४ मा उनको कृति तथागतया अस्थिधातु विमोचन मुनि विहारमा भएको थियो । उनी यूरोपमा समेत धर्मप्रचारमा लागिरहेका छन् ।

मुनि विहारको विकास क्रममा एउटा महत्त्वपूर्ण कोसेढुंगा रुपमा भिक्षु विपस्सी धम्मारामोको सकृय सेवा, विद्वत्ता र प्रयासको फलस्वरुप थाईलैंडको राजधानी बैंकंकको प्रसिद्ध राजकीय विहार वात्पवरनिवेस

३१. उही पृ. ९५
३२. उही पृ. ९१ र ९२



Downloaded from http://www.dhamma.digital

विहारमा रहने राजगुरु परमपूज्य संघराज सोमदेद् फ्रात्राणसंवर (सुवड्ढन महास्थविर)ले वि.सं. २०५८ सालदेखि मुनि विहारको संरक्षक हुन स्वीकार गर्नुलाई उपलब्धिका रुपमा लिन सकिन्छ। ३ अक्टोवर १९१३मा थाइलैंडको सीमान्त अंचल काञ्चनबुरीमा जन्मनु हुने उहाँ संघराज सोमदेद् फ्रात्राणसंवर (सुवड्ढन महास्थविर) नेपालमा पाँच पटक भ्रमण गर्नु भई नेपाली थेरवाद भिक्षु संघलाई थाइलैंडमा स्कूल तथा कलेजमा बुद्धधर्म अध्ययन गर्न छात्रवृत्ति समेत दिने गरी बाटो खोल्ने, बुद्धजन्मस्थल लुम्बिनीमा थाइलैंडको राजकीय विहार निर्माण गर्ने तथा काठमाडौं उपत्यकामा कीर्तिपुरको श्रीकीर्ति विहार तथा भक्तपुरको मुनि विहार जस्ता विहारहरूको विकास गरी सामुहिक प्रव्रज्या तथा उपसम्पदा योजना आदिलाई संरक्षण दिई नेपालमा बुद्धधर्मको उन्नति गर्ने महान उपकारक हुनुहन्थ्यो।[३३] यस्ता नेपालका अती हितैषी महान व्यक्तिको शतवार्षिकी जन्मोत्सव वर्ष मनाउँदै गरेकोमा अनित्यताको नियम अनुसार सन् २०१३ अक्टुवर २४ तारिखका (२०७० आश्विन १७ गते) दिनमा उहाँ महाप्रयाण हुनु भयो।

## २.३ भौतिक संरचनाहरूको निर्माण क्रम

मुनि विहारको भौतिक संरचनाहरूको निर्माण क्रमबारे माथि ऐतिहासिक पृष्ठभूमीमा केही उल्लेख भई सकेको छ। मुनि विहारको भव्य शोभाको रुपमा रहेको उपोसथागार भवन निर्माणको बारेमा संक्षेपमा केही निम्न व्यहोरा उल्लेख गरिन्छ। यो उपोसथागार मन्दिर वि.सं. २०५२ तथा २०३२ साल दुई पटक गरी मुनि विहारलाई प्राप्त भएको कित्ता नं. २१८ र २१९ (घरपाताल) मुनि विहारको पूर्ण स्वामित्वमा रहेको जम्मा ५ आना १ पैसा जग्गामा निर्मित छ। भक्तपुरको मुनि बिहार पेज १४ उपोसथागार मन्दिर भवनको नक्सा पास बमोजिम १६६८.०० वर्गफुट (४ आना ३ पैसा २ दाम) क्षेत्रफल जग्गामा उत्तर दक्षिण लम्बाई ३३ फुट, पूर्व पश्चिम लम्बाई ४८.८ फुट भएको ३ तल्ले ३६ फुट उचाई भएको मन्दिर बनेको छ।[३४] वि.सं.२०५८ फागुण ३ गते शिलान्यास गरी मन्दिर निर्माण शुरु गरी ६ वर्ष लगाई निर्माण सम्पन्न गरी वि.सं. २०६५ साल वैशाख १५ गते थाइलैंडबाट आएका १४ सदस्यीय भिक्षु संघद्वारा सीमा सम्मुति विधि सम्पन्न भएको थियो। थाइलैंडका आर्किटेक र सिभिल इन्जिनियरहरूले भवनको डिजाइन बनाई दिनु भएको थियो। निर्माण क्रममा मन्दिरको स्वरुप फरक भएको देखिन्छ।[३५] नेपाली कलामा आधारित कलात्मक काष्ठ कलाले सजिएको झ्याल ढोका टुँडालले गर्दा मन्दिर अति सुन्दर देखिन्छ। संयुक्त राष्ट्र संघको हेड क्वार्टरमा राखिएको वैशाख स्मारक स्तुपको डिजाइन बमोजिम गजूर बनाई उपोसथागार मन्दिरको टुप्पामा प्रतिस्थापित गरिएको छ। २०६० श्रावण २३ देखि २६ गते सम्म भक्तपुरमा वैशाख स्मारक स्तुप र बुद्ध अस्थिधातु जात्रा भव्य रुपमा भएको थियो। ३.२० मिटर उचाई, २.५४ मिटर चौडाई, १.१५ मिटर मोटाई भएको भित्र खोक्रो तथा १६०० किलोग्राम वजन भएको शाक्यमुनि बुद्ध थाइलैंडबाट मिति २०१५ असार १५ मा प्राप्त गरी २०६३ जेठ १३ गते ज्याःपुन्हीमा मन्दिरको तेश्रो तल्लाको हलमा प्रतिस्थापन गरिएको छ।

नयाँ निर्माण वा पुरानो मर्मत तथा जिर्णोद्धार निर्माण कामहरू निरन्तर चलिरहने प्रकृया हो। मुनि विहारले दक्षिण साइडमा केही जग्गाहरू किनेको छ। सो जग्गामा संघराज शतवार्षिकी बहुउद्देश्यीय भवन बनाउने योजना छ। वि.सं. २०७० साल कार्तिक १५ गते शिलान्यास पनि भइसकेको छ।[३६]

## २.४ विभिन्न बौद्ध कार्यक्रमहरूको थालनी

बज्रयानी बाहाः बहीहरू, महायानी गुम्बाहरू तथा थेरवाद बौद्ध विहारहरू सबै बौद्ध संस्था हुन् तापनि तिनीहरूको आकार प्रकार, स्वरुप, मान्यता तथा कृयाकलापहरू भिन्ना भिन्नै र आ–आफ्नै विशेषताहरू छन्। नेपालमा थेरवाद बुद्ध विहारहरू पनि धेरै छन्। ती विहारहरूको भौगोलिक स्थान, स्थानीय निवासीहरू, विहारको स्वरुप, आवासीय भिक्षु भए नभएको, संगठन स्वरुप, नेतृत्त्व विकास, आर्थिक अवस्था, राजनीतिक

३३. उही पृ. थ

३४. उही पृ. १७

३५. विपस्सी, धम्मरामो, **आन इन्टोडक्सन टु वाट मुनि विहार**, (डब्लू, इफ.बी, ई मे २००७), इ.सं. २००९ पृ.२४ र ३७

३६. विपस्सी, पूर्ववत् (पा.टि.नं.४) पृ. २०।



Downloaded from http://www.dhamma.digital

वातावरण इत्यादिको कारणले प्रत्येक विहारको कृयाकलापहरू कमवेसी र फरक–फरक हुनु स्वाभाविक हो । थेरवाद बुद्ध विहार भन्नाले प्रायजसो समान प्रकारका कृयाकलापहरू भई रहने देख्न पाउँछौ । मुनि विहारको कृयाकलापहरूमा समानता पनि छ र आफ्नै विशेषताहरू पनि छन् । नेपालमा भएका थेरवाद बुद्ध विहारहरू मध्ये मुनि विहारले बुद्धधर्म विकास कार्यमा अति टेवा पुग्ने एउटा महत्त्वपूर्ण कार्यक्रम संचालन गर्दै आएका छ त्यो हो सामुहिक प्रव्रज्या तथा उपसम्पदा योजना । राजकीय पण्डित भिक्षु डा. नन्द तथा भिक्षु विपस्सी धम्मारामो मुनि विहारमा जब आउनु भयो त्यस बेलादेखि नयाँ कामहरूको थालनी भयो । वि.सं. २०५९ साल वैशाख १८ गते भिक्षु तालिम केन्द्रको स्थापना भयो । यसै वर्ष ६ जना कुलपुत्रहरूलाई श्रामणेर प्रव्रजित गरियो तथा त्यस मध्ये ४ जनालाई अध्ययनको लागि थाइलैंड पठाईएको थियो । थाइलैंडका राजगुरु परमपूज्य संघराज सोमदेद् फ्राञाणसंवर (सुवड्ढन महास्थविर) को संरक्षकत्त्वमा संचालित सामुहिक प्रव्रज्या तथा उपसम्पदा योजना अन्तर्गत २०६० वैशाख २० गते पहिलो ३० जनाको समुहलाई प्रव्रजित गरियो र थाइलैंड पठाउन पनि सिफारिस गरियो । दोश्रो २८ जनाको समुह २०६० आश्विन २३ गते प्रव्रजित गरिएको थियो यी मध्ये १५ जनालाई थाइलैंड पठाइएको थियो । तेश्रो २९ जनाको समुहलाई प्रव्रजित गरिएकोमा तालिम दिने भिक्षुहरूको अभावले गर्दा तालिम दिन नसक्दा थाइलैंड पठाउन सकेन । २०६० साल देखि २०७० सम्ममा ८९०[३७] जनालाई प्रव्रजित गर्न सक्नुलाई ठुलो उपलब्धि मान्नु पर्दछ । २०७१, २०७२ र २०७३ सालहरूमा क्रमशः ४०, ४५ र ८९ जना कुलपुत्रहरूलाइ श्रामणेर प्रव्रजित गरेका थिए । २०७३ सालको श्रामणेर प्रव्रजितहरू मध्ये १० जनालाई अध्ययनको लागि थाइलैंड पठाई सकेको छ । हाल मुनि विहारमा आवासीय भिक्षुहरू ६ जना, श्रामणेरहरू २५ जना, अनागारिकाहरू ४ जना र ऋषिणीहरू ६ जना छन् । (श्रोत व्यक्ति: श्रद्धेय भिक्षु अर्जुन )

मुनि विहारको दैनिक, नियमित तथा अन्य कृयाकलापहरूलाई संक्षेपमा यहाँ प्रस्तुत गरिन्छ ।

**दैनिक कृयाकलापहरू:**

विहान ०५.०० देखि बेलुका २०.३० सम्मको कार्य तालिका बनाई तालिका अनुसार कार्य गर्दछन् । विहान ०५.१५ र साँझ १७.०० बजे आवासीय भिक्षुहरू, श्रामणेरहरू तथा अनागारिकाहरू र ऋषिणीहरू हलमा बसी सामुहिक बुद्ध पूजा र परित्राण पाठ गर्ने गर्दछन् । अरु समयमा जलपान भोजन गर्ने, विद्यार्थीहरू विद्यालयमा जाने, गुह कार्य गर्ने, निमन्त्रणामा जाने, अतिथिहरूसंग भेटघाट गर्ने, सरसफाई गर्ने इत्यादि दैनिक कार्य हुने गर्दछन् ।

**नियमित तथा अन्य कृयाकलापहरू:**

मुनि विहारले गर्ने गरेका प्रमुख कृयाकलापहरू संक्षेपमा निम्न बमोजिम उल्लेख गरिन्छ ।

क. प्रत्येक औंसी, पूर्णिमा तथा दुबै पक्षका अष्टमीका विहान ८–१० बजे विहारमा प्रमुख भिक्षुको नेतृत्वमा उपासक उपासिकाहरूले प्राथना, बुद्ध पूजा, विविध पूजा, शीलप्राथना, धर्मदेशना र ध्यान अभ्यास गरिन्छ ।

ख. हरेक पूर्णिमा तथा औंसीको दिउँसो २–४ बजे उपासक उपासिकाहरूमा धर्म छलफल, सन्ध्याकालीन बुद्धपूजा, प्रदीपपूजाहरू हुन्छन् ।

ग. प्रत्येक संक्रान्तिको बिहान ८.३०–११.०० बजे बाचामरी बुद्धबाटिका विहारमा नवनिर्मित भगवान बुद्ध समक्ष मुनि विहारको प्रमुख भिक्षुको नेतृत्त्वमा मुनि विहार दायक सभा र बौद्ध संघ भक्तपुरको आयोजनामा ज्ञानमाला भजन, बुद्धपूजा, धर्मदेशना आदि कार्यक्रम हुन्छन् ।

घ. हरेक वर्ष वैशाख पूर्णिमाका दिन विविध कार्यक्रमहरू सहित बुद्ध जयन्ति मनाउने गर्दछन् ।

ङ. प्रत्येक आषाढ पूर्णिमा उपासक उपासिकाहरूबाट भिक्षुहरू वर्षावास बस्न प्रार्थना र भिक्षुहरूले वार्षावास बस्न अधिष्ठान गर्छन ।

च. वर्षावास समाप्ति पछि अनुकूल दिनमा कथिन चीवर दान महोत्सव मनाउने ।

छ. परियत्ति शिक्षा सचालन गर्ने ।

ज. भिक्षु श्रामणेरहरूबाट भिक्षाटन कार्यक्रम संचालन गर्ने ।

३७. उही पृ. ३४



Downloaded from http://www.dhamma.digital

झ. प्रव्रजित श्रामणेरहरूलाई अध्ययनको लागि थाइलैंड पठाउने ।

ञ. थाइलैंडमा रहेका भिक्षु र श्रामणेरहरूको रेखदेख र व्यवस्था मिलाउन थाइलैंड भ्रमण गर्ने ।

ट. कार्य प्रगति पुस्तक अंग्रजी र नेपालीमा प्रकाशन गर्ने ।

ठ. सामुहिक प्रव्रज्या र उपसम्पदा योजना अन्तर्गत हरेक वर्ष डिसेम्बर ५ तारिख, जनवरि ५ तारिख, फ्रेबुवरि ५ तारिख र मई ५ तारिख गरी वर्षको ४ पटक सामुहिक श्रामणेर प्रव्रज्या दिने कार्यक्रम संचालन गर्ने ।

## ३. पाटी विहार

### ३.१ परिचय

मध्यपुर थिमि नगरपालिकाको वडा नं. ६, बाहाखा वजार नगिच पाचो टोलमा अवस्थित पाटी विहार थिमिमा एउटा मात्र थेरवाद विहार हो । थिमिमा भएको ८ वटा[३८] बाहाः बहीहरू मध्ये पाटी बाहाः मल्लकालको उतरार्धमा निर्माण गरिएको अनुमान छ । कुनै अनुसन्धानकर्ताले पाचो टोलमै नव चैत्यहरू भएको स्थानलाई पनि नव चैत्य विहार भनि मान्यता दिएको छ ।[३९] तर उक्त नव चैत्य विहार होइन भनि खण्डन गरी लेखेको पनि पाइन्छ ।[४०] कतिपय कारणहरूले थिमिको यो ऐतिहासिक सम्पदाको भग्नावशेष पाताल भएको, संघका सदस्यहरूले वास्ता नगरेको, फोहर फाल्ने, मलाः भएको[४१], सुंगुरहरू तथा कुकुरहरू चर्ने र प्रजापतिहरूले माटाका भांडाकुंडाहरू पोली बाँकि रहेको खरानी र फुटेका भांडाका टुक्राहरू फाल्ने ठाउँमा परिणत भयो । फोहरको डुंगुरले चैत्यको टुप्पो मात्र पुरिन बाँकि थियो ।[४२] भिक्षुहरूको आगमन, धर्मदेशनाको प्रभाव, श्रद्धालु उपासक उपासिकहरूको जागरण र सहयोगले यो स्थान अहिले विहार निर्माण भई सुन्दर र रमणीय स्थानमा रुपान्तरित भएको छ ।

### ३.२ ऐतिहासिक पृष्ठभूमी

दिगु बाहाः अर्थात संस्कृत नाम गुणकीर्ति महाविहार को एउटा संघ परिवारले दिगु बाहाःको कच्चाबाहाःको रुपमा पाटी बाहाः स्थापना गरेको थियो । पाटी बाहाःको पुरानो स्वरुप केही नदेखिको, अक्ष्योभ्य बुद्ध पश्चिमाभिमुख गरी सानो बन्द पाटीमा राखिएको छ ।[४३] स्थापनाको प्रमाण हुने गरी कुनै शिलापत्र पाएको छैन ।[४४] अतः पाटी बाहाः कहिले स्थापना भयो थाहा पाउन सकेको छैन । तर बाहाः जिर्णोद्धार गरेको एउटा शिलालेखमा पनि मिति उल्लेख छैन । तर सिद्धिनरसिं नाम देखिएकोले उक्त नाम ललितपुरको राजाको नाम अनुमान गरिएमा उक्त पाटी बाहाः ने.सं. ७७७ तिर जिर्णोद्धार गरिएको हुनुपर्दछ ।[४५] ने.सं ६९६मा असनको जीतराज तुलाधरले सम्यक गरेको बेलामा दिगु बाहाःको दिपङ्कर बुद्धलाई निमन्त्रणा पठाएकोले[४६] त्यो समय अगाडिनै पाटनको क्वाबाहाःको बज्राचार्यहरूले बनाएको हुनुपर्ने देखिन्छ ।[४७] त्यसमध्ये एउटा परिवारले पाटी बाहाः बनाएको तर उक्त परिवारले बाहाः भग्नावशेष भएकोले पाटी बाहाः छोडी दिगु बाहाःमा नै फर्कियो ।[४८] पाटी बाहाः कसैले पनि जिम्मेवारी नलिई छोडेकाले समयको दौरानमा सार्वजनिक शौचालयको रुपमा रही रह्यो । काठमाण्डौं उपत्यकामा गत शताब्दि देखि थेरवाद बुद्धधर्मको जागरणको सिलसिला अनुसार भिक्षुहरूको आगमन, धर्मदेशनाका कार्यक्रमहरू,

३८. बज्राचार्य,.पूर्ववत् (पा.टि.११) पृ. ७९ ।
३९. लक, पूर्ववत् (पा.टि.८) पृ. ४६५
४०. बज्राचाय, पूर्ववत् (पा.टि. नं.११) पृ. ७९ ।
४१. विशेष गरी थिमीमा प्रचलित शब्द मलाः भन्नाले आईमाईहरूको सार्वजनिक सौचालयलाई जनाउँछ ।
४२. संघ रत्न निवा शाक्य, **कुथुबही एक दृष्टि,** (भक्तपुरः दायक जः ख्वप, बौद्ध समंकृत विहार,२०४८) पृ भनाई ।
४३. शोधपत्रमा समावेस चित्र नं. १९ ।
४४. लक, पूर्ववत् (पा.टि. ८) पृ.४६२ ।
४५. बज्राचाय, पूर्ववत् (पा.टि. नं.११ पृ. १०० ।
४६. लक, पूर्ववत् (पा.टि.८) पृ. ४६० ।
४७. उही, पृ. ४६० ।
४८. उही, पृ. ४६२ ।



Downloaded from http://www.dhamma.digital

वि.सं २००९मा मुनि विहारमा भिक्षुहरूको प्रवेशको साथै बुद्धधर्मको प्रचारप्रसारको प्रभावबाट नगिचको थिमि अछुत रहन कुरो भएन । श्रद्धेय भिक्षु रत्नज्योतिले मुनि विहारमा वि.सं. २०२३ सालमा प्रव्रजित गर्नु भएको भिक्षु मुनिज्योति[४९] (गृहस्थी नाम सूर्यमान शाक्य) शुद्ध धर्मप्रचार को उद्देश्यले सबै असुविधाहरूको वावजुद पनि पाचो टोलको गणेश मन्दिर अगाडिको पाटीमा[५०] वि.सं. २०२४ सालमा बस्न आउनु भएको थियो र स्थानीयहरूलाई धर्मदेशना गर्न थाल्नु भयो । धर्मदेशनालाई अझ प्रभावकारी बनाउन आफू भन्दा जान्ने त्यति बेला धर्मदेशना गर्ने काममा अति प्रभावशाली श्रद्धेय बौद्धऋषि महाप्रज्ञालाई थिमिमा बोलाउनु भयो । श्रद्धेय महाप्रज्ञाले सहर्ष स्वीकार गर्नु भई धर्म देशना गर्ने ठाउँहरूको तालिकानै बनाउनु भई थिमिमा हरेक हप्ताको सोमवार नियमित रूपमा धर्म देशना गर्न आउनु भयो ।[५१]

उहाँको धर्मदेशना गर्ने ठाउँहरूको तालिका यस प्रकार छ ।

१. प्रत्येक संक्रान्तिको दिन डिल्लीबजारमा हिरालाल नकर्मीको घरमा छलफल ।
२. प्रत्येक चतुर्दशीको दिन बागवजारमा रत्नबहादुरको घरमा धर्म कक्षा हुने ।
३. प्रत्येक पूर्णिमाको अघिल्लो दिन भक्तिलालको घरमा ।
४. प्रत्येक कृष्णपक्ष अष्टमीको दिन ह्यूमत द्योमयजुको घरमा ।
५. प्रत्येक शुक्लपक्ष अष्टमीको दिन असनको भाईसाहुको घरमा ।
६. प्रत्येक आइतवार असनको सर्वज्ञ साहुको घरमा ।
७. प्रत्येक बुधवार डिल्लीबजार बाबा मैंयाको घरमा ।
८. प्रत्येक शनिवार ज्याबहाल र पञ्चबहादुरको घरमा ।
९. महिनाको एकपल्ट शुक्रवार अमरमानको घरमा ।
१०. प्रत्येक सोमवार थिमीको पाटी बहालमा ।

थिमिमा महाप्रज्ञाले यसरी हरेक सोमवार प्रवचन दिनु हुन्थ्यो । यसको प्रभावले थिमिका स्थानीयवासीहरूमा एउटा विहार निर्माणको चाहनाको विउ अंकुरित भयो । बौद्ध संघ भक्तपुरका संस्थापक सदस्य श्री संघरत्न निवा शाक्यको आमा श्रीमती चिरिमाया शाक्यको आकांक्ष्या अनुसार र कुटिचिभा विहारको आशाकाजी बज्राचार्यको सकृयतामा थिमिमा बुद्धधर्म प्रचार प्रसारको लागि विहार बनाउन ठाउँको खोजी गर्न थालियो । पाटी बाहा: रहेको वेवारिसे जग्गामा विहार बनाउने उद्देश्य राखी श्री श्रीगोपाल प्रजापतिको संरक्षकत्वमा वि.सं. २०२५मा पाटी विहार जिर्णोद्धार सहयोग समिति गठन गरियो । कोषाध्यक्षमा श्री संघ रत्न निवा शाक्य हुनु हुन्थ्यो ।[५२] बच्चादेखि बुढाबुढीको जोस र जागरणबाट त्यहाँ थुप्रिरहेको दुइ तल्ला भन्दा बढी खरानीको रास सफा गरियो ।[५३] लगभग वि.सं. २०४३ सम्म जस्ताले छाएको एक तल्ले नयाँ बनाएको बन्द पाटी[५४] निर्माण भएको देखिन्छ ।[५५] त्यहाँ भएको ढुंगाको पश्चिमाभिमुख अक्ष्योभ्य मूर्ति हाल क्वनेचुकको चैत्यसंगै स्थापना गरी राखिएको छ[५६] चित्र नं. २१ । त्यो बाहा:को काठको दिपङ्कर[५७] दिगु बाहा:को संघ सदस्य श्री दिव्य बज्राचार्यको घरमा राखिएको छ । फोहर सफा गर्ने क्रममा पुरेर रहेको शिरमा चैत्य भएको ढुंगाको स्तम्भ देखियो र यस स्थानमा विहार रहेको प्रमाण मानिन्छ ।

*क्रमश:*

४९. शोधपत्रमा समावेस  चित्र नं. १९ ।
५०. शोधपत्रमा समावेस  चित्र नं. ३३ ।
५१. बौद्धर्षि महाप्रज्ञा  महाप्रज्ञाको आत्मकथा, तेश्रो खण्ड (काठमाण्डौं: उपासक, उपासिका,बौद्ध ऋषि महाप्रज्ञा आश्रम, २०७०), पृ.६२ ।
५२. निवा शाक्य, पूर्ववत् (पा.टि. ४२) पृ. भनाई ।
५३. बज्राचाय,  पूर्ववत् (पा.टि.नं.११ ) पृ. १०१ ।
५४. शोधपत्रमा समावेस  चित्र नं. १९ ।
५५. लक, पूर्ववत् (पा.टि. ८) पृ.४६३ ।
५६. शोधपत्रमा समावेस  चित्र नं. २१ ।
५७. शोधपत्रमा समावेस  चित्र नं. २२ ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध प्रश्नोत्तर-६

*सम्पादिका-* **धम्मवती**
*अनुवाद-* **दिलकमल तुलाधर**

प्रश्न- १२५. **चार अप्रामाण्य के के हुन् ?**
उत्तर- मेत्ता, करूणा, मुदिता, उपेक्खा ।
प्रश्न- १२६. **चार आरूप्य के के हुन् ?**
उत्तर- आकाशानञ्चायतन, विञ्ञाणञ्चायतन, आकिञ्चञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन ।
प्रश्न- १२७. **चरित्र ६ के के हुन् ?**
उत्तर- राग चरित्र, द्वेष चरित्र, मोह चरित्र, श्रद्धा चरित्र, बुद्धि चरित्र, वितर्क चरित्र, यी ६ प्रकारका छन् ।
प्रश्न- १२८. **राग चरित्रलाई के के कर्मस्थान भावना योग्य हुन्छ ?**
उत्तर- दश अशुभ र कायगता सति समेत एघारौं ठीक हुन्छ ।
प्रश्न- १२९. **द्वेष चरित्रलाई के भावना योग्य हुन्छ ?**
उत्तर- चार अप्रामाण्य, नील, पीत, लोहित, ओदातकसिण, यी आठ भावना ठीक छ ।
प्रश्न- १३०. **मोह चरित्रलाई के भावना गरे योग्य हुन्छ ?**
उत्तर- आनापान सति भावना (आश्वास प्रश्वासमा ध्यान राख्नु)
प्रश्न- १३१. **श्रद्धा चरित्रलाई के कर्म स्थान भावना योग्य हुन्छ ?**
उत्तर- बुद्धानु स्मृति आदि ६ वटा अनुस्मृति भावना ।
प्रश्न- १३२. **बुद्धि चरित्र हुनेसित के भावना गरे योग्य हुन्छ ?**
उत्तर- मरणानुस्मृति, उपसमानुस्मृति, प्रतिकूल संज्ञा, धातु व्यवस्था (चतुर्महाभूत छुटचायने) आदि चार भावना ।
प्रश्न- १३३. **वितर्क चरित्र हुनेसित के भावना गरे योग्य हुन्छ ?**
उत्तर- मोह चरित्र हुने सित जस्तै आनापान सति ।
प्रश्न- १३४. **सबैसित योग्य हुने भावना के हो ?**
उत्तर- पृथ्वी, जल, आगो, हावा, आकाश, आलोक यी ६ कसिण र चार अरूपावचरका साथै यी दश सबैलाई योग्य हुन्छन् ।
प्रश्न- १३५. **प्रथम ध्यान मात्र प्राप्त हुने कर्मस्थान भावना के हो ?**
उत्तर- दश अशुभ, कायगता स्मृति एघार ।
प्रश्न- १३६. **चतुर्थ ध्यानसम्म प्राप्त हुने भावना के हो ?**
उत्तर- मैत्री, करूणा, मुदिता यी तीन भावना ।
प्रश्न- १३७. **पञ्चमध्यान प्राप्त हुने कर्म स्थान भावना के हो ?**
उत्तर- उपेक्षा भावना ।
प्रश्न- १३८. **सात प्रकारका विदर्शना भावना विशुद्धि के के हुन् ?**
उत्तर- शील विशुद्धि, चित्त विशुद्धि, दृष्टि विशुद्धि, कङ्खा वितरण विशुद्धि, मार्गा-मार्ग ज्ञान विशुद्धि, प्रतिपदाज्ञान दर्शन विशुद्धि ज्ञान दर्शन विशुद्धि ।
प्रश्न- १३९. **लक्षण कति छन् ?**
उत्तर- अनित्य लक्षण, दुःख लक्षण, अनात्म लक्षण, तीन छन् ।
प्रश्न- १४०. **चित्त विशुद्धि भनेको के हो ?**
उत्तर- चित्तमा हुने नीवरण क्लेश निर्मल पार्नु ।
प्रश्न- १४१. **दृष्टि विशुद्धि भनेको के हो ?**
उत्तर- पञ्चस्कन्धको बारेमा अनित्य दुःख अनात्मा लक्षणको रूपले राम्ररी बुझ्न सक्नु ।
प्रश्न- १४२. **कङ्खावितरण विशुद्धि भनेको के हो ?**
उत्तर- पञ्चस्कन्ध बाहेक कुनै पनि आत्मा छैन भनेर बुझि लिनु ।
प्रश्न- १४३. **मार्गा-मार्ग ज्ञान भनेको के हो ?**
उत्तर- मार्ग र अमार्ग बुझिलिने ज्ञान ।
प्रश्न- १४४. **प्रतिपदा ज्ञान दर्शन विशुद्धि भनेको के हो ?**
उत्तर- क्लेशले भरेको अमार्गबाट मुक्त भएर उदयव्ययज्ञानदेखि सत्यानुलोमिक ज्ञानसम्म अनित्यादि त्रिलक्षण भावना भएर आउने नौ महाविदर्शन ज्ञान ।
प्रश्न- १४५. **ज्ञान दर्शन विशुद्धि भनेको के हो ?**
उत्तर- शील विशुद्धि आदि ६ वटा विशुद्धि उन्नति गर्नु पर्ने स्रोतापन्न आदि चार मार्गलाई ज्ञान दर्शन विशुद्धि भन्दछन् ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बुद्ध, प्रजापति गौतमी र नारी स्वतन्त्रता–२

✍ सह प्रा. उर्मिला ताम्राकार

**बुद्ध शासनमा जातिय तथा लैङ्गिक समानता–**

भगवान् बुद्धले आफ्नो शासनमा महिला-पुरुष, धनी, गरिव, उँच-नीच भनेर कहिले पनि भेदभाव गरेको थिएन । प्रजापति गौतमीले प्रव्रज्या लिएपछि उनीसंग आएका अन्य पाँचसय शाक्य स्त्रीहरूले पनि भिक्षुणी प्रव्रज्या ग्रहण गरिन् । ती शाक्य भिक्षुणीहरू मध्ये केही भिक्षुणीहरू धीरा, वीरा, मित्ता, भद्रा, उपशमा, तिस्सा, विशाखा, सुमना तथा उत्तरा थिइन् । यसरी बुद्ध शासनमा भिक्षुणी संघ स्थापना भएपछि धनी-गरिव, उँच-नीच, श्रेष्ठी, महारानी, राजकुमारी, ब्राह्मणी, दासी, गणिका लगायत सबै जातका महिलाहरूले पनि आ-आफ्नो स्वतन्त्रका लागि घरवार त्याग गरिन् । उनी समक्ष भिक्षुणी हुन आएकाहरूमा थेरीका, मुत्ता, पुण्णा, चित्ता, मित्ता, दन्तिका, भद्राकापिलानी, गुप्ता, शुभा तथा नन्दा आदि हुन् । खेमा, सुमना, शैला र सुमेधा कोशल, मगध तथा आलवी राजवंशका महिलाहरू हुन भने प्रजापति गौतमी, तिष्या, अभिरुपानन्दा, सुन्दरीनन्दा, जयन्ती, सिंहा, तिष्या (२), धीरा, मित्रा, भद्रा, उपशमा, उत्तरा आदि भिक्षुणीहरू शाक्य तथा लिच्छवी वंशका थिइन् । मैत्रिका, उत्तरा, उत्तमा, चाला, उपचाला, शिर्षोपचाला, राहिणी, सुन्दरी, शुभा(२), भद्राकापिलानी, सकुला, चन्दा, गुप्ता, दन्तिका र सोमा ब्राह्मण वंशका थिइन् । पूर्णा, चित्रा, श्यामा, उब्बिरी, शुक्ला, धम्मदिन्ना, उत्तमा, भद्राकुण्डलकेशा, पटाचारा, सुजाता र अनुपमा आदि गुहपति तथा श्रेष्ठी वर्गका थिइन् । अढ्कासी, अभयमाता, विमला र अम्बपाली गणिका (वेश्या) वर्गका थिइन् । शुभा(१) सुनारको पुत्री चापा एक व्याधाको पुत्री र पूर्णिका एक दासीको पुत्री थिइन् ।

**गृहत्याग गरेको कारण–**

अनेक सामाजिक कुलमा जन्मेकी यी महिलाहरूले अनेक कारणले गर्दा घरवार त्यागगरि भिक्षुणी भई बुद्ध, धर्म र संघको शरणमा आएको कुरा थेरीगाथाको अट्ठकथामा उल्लेख गरिएको छ । जस अनुसार,

- मुक्ता (२) र पूर्णाले ज्ञान सम्पति पूर्णताको लागि
- मुक्ता (२) र सुमंगलमाताले घरको कामकाज तथा दोषबाट दिक्क भएर
- धम्मदिन्नाले पतिको वैरागयताबाट प्रेरित भएर
- धम्मा, चित्रा, मैत्रिका, दन्तिका, शुक्ला, सोमा, सिंहा, सुजाता, अनुपमा, पूर्णिका, अम्बपाली, रोहिणी र शुभाले बुद्धप्रति श्रद्धाको कारण
- श्यामा, उब्बिरी, सुन्दरी नन्दा, पटाचारा, चन्दा, वाशिष्ठी प्रजापतिगौतमी प्रियजनहरूको मृत्युको शोकले गर्दा
- सोणा छोरा बुहारीहरूको अकृतज्ञताको कारण
- भद्राकुण्डलकेशा अकृतज्ञ तथा धूर्त पतिको कारण
- ऋषिदासी पतिहरूले त्याग गरेको कारण, उनको तीनपटकसम्म विवाह भएको र तीनै पटक पतिले त्याग गरेको थियो ।
- भद्राकापिलानी र चापाले आ-आफ्नो पतिको अनुशरण गरेर
- चाला, उपचाला र शिर्षोपचालालो आफ्नो दाजु सारीपुत्रको अनुशरण गरेर
- विमला बुद्धका अग्रश्रावक महामौद्गल्यायनलाई आफ्नो रूप सौन्दर्यद्वारा पराजित गर्न नसकेपछि लज्जित भएर
- भद्राकुण्डलकेशा र नन्दुत्तरा बुद्धका अग्रावक सारीपुत्रसंग शास्त्रार्थमा हार खाएर
- श्यामा(२), अभया र विजया आफ्नो सखी भिक्षुणी भएको कारण

**मुक्तिका लागि संघर्ष–**

अनेक कारण तथा परिस्थितिले गर्दा भिक्षुणी भएका यी महिलाहरूको निम्ति निर्वाण प्राप्त गर्नु चुनौतिको विषय बनेको थियो । फलाना भिक्षु-भिक्षुणीले आश्रवक्षय गरि चित्तविमुक्ति, प्रज्ञाविमुक्तिगरि स्वयं दृष्टधर्म साक्षात्कार गरी बस्छन् भन्ने कुरा सुनेपछि उनीहरू पनि त्यसधर्म प्राप्त गर्न उत्साहित हुन्थे । तर उनीहरूको लागि मुक्ति पाउने काम त्यति सजिलो भएको थिएन । अत्यन्त संघर्ष गर्नुपरेको थियो । प्रव्रजित भएको २५ वर्षसम्म पनि चुटुकीभर चित्तलाई शान्त पार्न नसक्दा बढ्डेसीमाता आफ्नो दुई हात समाई धुरुधुरु रुने गर्दथिन् । भिक्षुणी भएको सात वर्ष हुँदा पनि पञ्चकाम विषयको भोग इच्छालाई दमन गर्न नसक्दा भिक्षुणी सिंहाले आफ्नै घाँटीमा पाशो लगाइन भने भिक्षुणी विजया चार पाँच



Downloaded from http://www.dhamma.digital

पटक विहारबाट भागिन् । भिक्षुणी धम्मा र चित्रालाई रोग र दुर्बलताले गर्दा ध्यान अभयास गर्न निकै गाऱ्हो भएको थियो। भिक्षुणी उब्बिरी आफ्नो प्यारी छोरी जीवाको मृत्युशोकलाई बिर्सन नसक्दा दिनहुँजसो मसानमा गई रुने गर्दथिन्। अझ बुद्धप्रति अत्यन्त श्रद्धा भएकी भिक्षुणी मित्तकाली त झन लाभ सत्कारको लोभमा परि दिनहुँ जसो झगडा र कलह मात्र गरेर दिन बिताउने गर्दथिन्। चाला, उपचाला र सोमा जस्ता ब्राह्मणकुलका भिक्षुणीहरूलाई आफ्नो ब्राह्मण धर्मको संस्कार तथा आत्मावादि दृष्टिका मारहरूले विचलित पार्न खोजेका थिए। खेमा, अभिरुपानन्दा, सुन्दरीनन्दा आदि भिक्षुणीहरूलाई आफ्नो सौन्दर्यको रुपाभिमानले गर्दा बरोबर मारले युवकको भेष धारण गरी प्रलोभन देखाइ बहकाउने गर्दथे। त्यस्तै शुभा(२) लाई उनकी सुन्दर आँखाको कारण मोहित भई एक चरित्र भ्रष्ट युवकले बाटो छेकी दुष्कर्म गर्न खोजेको थियो । त्यतिबेला उनले आफ्नो सुन्दर आँखालाई ने फुटालेर रक्त सहित त्यस युवकको हातमा दिइ आफ्नो ज्यान बचाएकी थिइन्। यसरी मुक्ती पाउने मार्गमा ती भिक्षुणीहरूले धेरै अवरोधहरूको सामना गर्नु परेको थियो ।

**मुक्तिपछिको हर्षउद्गार–**

कठिनतापूर्वक अर्हतत्व प्राप्त गरेपछि उनीहरूले अत्यन्त भाव विभोर भई स्वतः स्फुर्त रुपमा आ-आफ्नो मुक्तिलाई विभिन्न गाथाद्वारा व्यक्त गरेकी थिइन्। मुक्ता थेरीले आफ्नो मुक्तिलाई यसरी व्यक्त गरेकी थिइन्–

**सुमुता साधुमुत्ताम्हि, तीहि खुज्जेहि मुत्तियाउदुक्खलेन पतिना खुज्जकेन च,**

**मुत्ताम्हि जातिमरणा भवनोति समूहता'ति ॥**[६]

अर्थात्- म मुक्त भएँ, सुविमुक्त भएँ । कुप्रिएको तीनै वस्तुबाट मैले मुक्ति पाएँ । कोदालो, हँसिया र कुप्रिएको स्वामीको तर्फबाट मुक्त भएँ । जरा-मरणको भवचक्रबाट मुक्त भएँ। मेरो संसाररुपी बन्धन चुँडियो।

यस्तै प्रकारको उद्गारहरू सुमंगलमाता, गुप्ता, शुभा आदि थेरीहरूको पनि थियो । ज्ञान दर्शनमा स्त्री पुरुषको बीच भेदभाव नहुने कुरा भिक्षुणी सोमाले यसरी व्यक्त गरिन् ।

**इत्थिभावो नो किं कायिरा, चित्तम्हि सुसमाहिते ।**
**ञाणम्हि वत्तमानम्हि, सम्माधम्मं विपस्सतो ॥**[७]

अर्थात्- मेरो चित्त सुसमाहित छ, मसंग अहिलेको ज्ञान छ। सम्यक धर्मलाई राम्रोसंग दर्शन गरे। स्त्री भाव भएर के हुन्छ र ? उनी ब्राह्मण कुलबाट भिक्षुणी हुन आएकी हुन् । उनलाई ब्राह्मण धर्मको सत्कायदृष्टि र अन्धविश्वासले निर्वाण लाभ गर्नमा धेरै मार आएको थियो। जुन स्थान ऋषीहरूले प्राप्त गर्न त गाऱ्हो छ, दुई औंले ज्ञान भएकी स्त्रीहरूले त्यसलाई पाउन सक्दैन भन्ने त्यसबेलाको ब्राह्मण समाजको धारणालाई निर्वाण प्राप्ति पछि सोमाले माथि उल्लेखित गाथाद्वारा व्यक्त गरेकी थिइन् ।

**नहि सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो ।**
**इत्थिपि पण्डितो होति, लहुँ अत्थविचिन्तिका'ति ॥**[८]

अर्थात- सबै ठाउँमा पुरुष मात्रै पण्डित हुँदैन, स्त्री पनि पण्डितनी हुन्छे। क्षणभरमै स्थितिलाई बुझ्न सक्ने हुन्छे। आफूलाई धोका दिई मार्न ल्याएको लोग्नेलाई कुनै पनि हालतमा सम्झाउन नसक्दा भद्राकुण्दलकेशाले म्वाइँखाने बहानमा भीरबाट खसालि दिए । उनको यस साहसलाई प्रशंसा गरि त्यस ठाउँको स्नानिय देवताले यो गाथा व्यक्त गरेको थियो ।

यस्तै प्रकारले नारीको वीरता, साहस, तर्क आदिको चित्रण रोहिणी, शुक्ला, पूर्णिकाको गाथाहरूमा पाइन्छ । उब्बिरी, किसागौतमी, बशिष्ठी भद्राकुण्डलकेशा, सुमंगलमाता, पटाचारा आदिको निराशामय जीवन एक नयाँ आध्यात्मिक उच्चतहको जीवनमा परिणत भएको छ । रोहिणी, अनुपमा, सुमेधा जस्ता भिक्षुणीहरूले तत्कालिन समयमा नै आफ्नो विवाहको कडा विरोध गरी भिक्षुणी भइ मुक्ति पाएकी थिइन्। रोहिणीको पिताले त झन् आफू रोहिणीको पिता हुन पाएकोमा धन्य भनि ब्राह्मण धर्मलाई नै त्याग गरी बुद्ध, धर्म र संघको शरण गएको कुरा उल्लेख छ । अम्बपालिको गाथामा आफ्नो रुपलाई नै अनित्यताको उदाहरण दिएको तथा सुमेधाको गाथामा बौद्ध धर्मका उत्कृष्ट उदाहरण तथा गम्भीर दर्शन प्रस्तुत भएका छन्। अड्ढकासि र विमलाले आफ्नो पूर्व जीवन, वेश्या हुँदाको अवस्था समेतलाई विना संकोच

६. गा.नं. ११ 'थेरीगाथा'

७. गा.नं. ६१ 'थेरीगाथा'

८. खुद्दकनिकाये परमत्थदीपनी, 'थेरीगाथा-अट्ठकथा', (इगतपुरीः विपश्यना विशोधन विन्यास, ई.सं. १९९८)



Downloaded from http://www.dhamma.digital

वर्णन गरि अब आफू स्वतन्त्रतापूर्वक नयाँ आदर्श जीवन जिउन पाएकोमा हर्ष व्यक्त गरेकीछिन् । भिक्षुणी धम्मदिन्ना, खेमा, उत्पलवर्णा, शुक्ला पटाचारा, प्रजापति गौतमी आदि भिक्षुणीहरू आ-आफ्नै समूह बनाई महिला-पुरुष दुवैलाई धर्मोपदेश गरि मुक्ति दिलाउँथिन् ।

**बुद्धद्वारा नारीको प्रशंसा–**

बुद्ध स्वयंले यी नारीहरूलाई अत्यन्त प्रशंसा गरि पुरुष समानार्थ अग्र पंक्तिमा राखेको थियो । बुद्धकालिन दम्पत्ति नकुलमाता तथा नकुलपिता परस्पर स्नेह, समझदारी, सम-शील, सभ-त्याग र सम-प्रज्ञा तथा सम-विचारले जीविका गर्दथे । बुद्धले चार परिषदको अगाडि यी दम्पत्तिलाई विश्वासिलो अग्र श्रावक उपासक तथा विश्वासिलो अग्र श्राविका उपासिका भनि घोषणा गरेको थियो । बुद्ध शिक्षाको मापदण्ड भनेको नै खेमा र उत्पलवर्णा भिक्षुणीहरू हुन्, त्यसैले हे ! भिक्षुहरू यदि कुनै कुरा यी भिक्षुणीहरू भनेका भए तथागतले नै भनेको हो भनेर धारणा गर्नुपर्छ । शंका गर्नु हुँदैन भनेको थियो । बुद्धले खुज्जुत्तरा तथा पूर्णा जस्ता दासीहरूलाई उद्धार गरि उच्च सम्मानको जीवन दिएको थियो । त्यस्तै भिक्षु-भिक्षुणीहरूको नियम उलङ्घन भएमा विशाखा महाउपासिको आरोपलाई मान्यता दिइएको थियो । एकदिन प्रसेनजीत राजा छोरी जन्मेको खबर सुनी खिन्न भएको हुँदा बुद्धले यसरी उपदेश दिएको थियो ।

**इत्थीपिहि एकच्चिया, सेया पोषजनाधिप ।**
**मेघावी सीलवती सस्सुदेवा पतिब्वता ।**

अर्थात्- कुनै कुनै स्त्री बुद्धिमती, शीलवती, सासु-ससुरालाई देव समान मान्ने तथा पतिव्रता भई पुरुष भन्दा पनि श्रेष्ठ हुन सक्छ । त्यस्ती स्त्रीबाट जन्मिने सन्तान सूरवीर र दिशाप्रमुख पनि हुनसक्छ । त्यस्ती सौभाग्यवती स्त्रीकी बालकले राज्य अनुशासन पनि गर्न सक्छ । त्यस्तै बुद्धले जन्म दिने आमा महामाया देवी, लालन पोषण गर्ने महाप्रजापति गौतमी, बुद्ध हुन सहयोग गर्ने यशोधरा तथा बोधिज्ञान प्राप्त गर्नु अघि भोजन दान दिने सुजाता प्रति अत्यन्त प्रशंसा गरि कृतज्ञता जाहेर गरेको थियो । समाजमा नारी शक्तिमाथिको विमति, दृष्टी र शंका निवारणार्थ परिनिर्वाण हुनुअघि बुद्धले महाप्रजापति गौतमी तथा यशोधरालाई समाजको अगाडि आ-आफ्नो ऋद्धि प्रदर्शन गर्न लगाएको थियो । बुद्धको परिनिर्वाणमा पन त्यस्तो आश्चर्य भएको थिएन जति आश्चर्य प्रजापति गौतमीको परिनिर्वाणमा भएको थियो । त्यसबेला स्वयं बुद्ध तथा सारीपुत्र, आनन्द, राहुल, नन्दआदि भिक्षुहरूले प्रजापति गौतमीको शवयात्रालाई अनुमोदन गरेका थिए ।

**उपसंहार–**

धेरै पहिले देखि धार्मिक, साँस्कृतिक, सामाजिक एवं राजनैतिक स्वतन्त्रका लागि उठिरहेका महिलाहरूको संघर्ष भने आजसम्म पनि यथावत नै छ । महिलाहरूको मानव अधिकार सुनिश्चित गर्नाको निम्ति भएको पटक पटक अन्तर्राष्ट्रिय सम्झौताहरूमा सबैजसो देशहरूले महिला विरुद्ध हुने विभेद हटाउने कुरामा सहमति गरेका छन् । तर पनि हालसम्म विश्वको कुल जनसंख्या मध्ये झण्डै आधा भाग ओगटेका महिला वर्ग भने पिछडिएको अवस्थामा नै छन् । विशेषगरि विकासोन्मुख देशका महिलाहरूको हातमा घरका निर्णयहरू गर्ने तथा साधनहरूमा पुरुषको भन्दा कम अधिकार रहेका छन् । त्यसमाथि पनि नेपाल जस्तो कम विकसित देशमा त झन् महिलाहरूको क्षमतालाई कम मूल्याङ्कन गरि हरेक क्षेत्रमा अत्याचार, अन्याय, शोषण भइरहेका छन् । घरेलु हिंसा, यौन दुर्व्यवहार, बलात्कार, अपहरण जस्ता घटनाको शिकार भई निन्दित हुनु परेका छन् । पुनर्स्थापनाको लागि धेरै गाह्रो छ । कतिपयि उच्च वर्गका महिलाहरू समेत अनेक मानसिक दवावबाट पीडित छन् ।

यस्तो परिस्थितिमा यस बुद्धकालिन ग्रन्थ **“थेरीगाथा”**को अध्ययनले महिला शसक्तिकरणको निम्ति ठूलो उर्जाको काम गर्दछ । जुनसुकै परिस्थितिसंग पनि लड्न सक्ने मात्र होइन, अझ त्यसमाथि विजय हासिल गर्नसक्ने आत्म विश्वास जगाउन यसबाट टेवा मिल्नेछ । पटाचारा, भद्राकुण्डलकेशा, कृषागौतमी, उब्बिरी, सुमंगलमाता, मुक्ता तथा चन्दा जस्ता निराशामय जीवनमा परेकाहरूले समेत नयाा आध्यात्मिक एवं उच्चतहको जीवनमा आफूलाई प्रतिस्थापित गर्न सकेकी थिइन् । भगवान् बुद्धले चुल्ल वग्गमा स्पष्टरुपले यसरी भनिएको उल्लेख पाइन्छ कि जसरी महानदीहरू समुद्रमा मिलेपछि पहिलेको नाम गोत्र छोडेर महासमुद्रको नामले प्रशिद्ध हुन जान्छ त्यसैगरि तथागतको धर्म विनयमा प्रव्रजित भएपछि पहिलेको नाम गोत्र छोडिन्छ ।

विमला, अढ्कासी जस्ता गणिकाले अर्हत्व प्राप्तगरि एक आदर्श जीवनमा आफूलाई रुपान्तरण गर्न सफल



Downloaded from http://www.dhamma.digital

भएकी थिइन् । यी भिक्षुणीहरूलाई बुद्धले "**शाक्यधीता**" अर्थात् "**बुद्धपुत्री**" भन्ने गर्दथे । बुद्धको वचन अनुसार आचरण गरी निर्वाण प्राप्त गरेपछि उत्तमा(२) ले आफूलाई "**ओरसा धीता बुद्धस्सं**"[९] अर्थात् "**बुद्धको हृदयबाट उत्पन्न छोरी हुँ**" भनि उद्‌गार व्यक्त गरिन् भने सुन्दरीले त झन "**ओरसा मुखतो जाता**"[१०] अर्थात् "**तपाईंकै मुखबाट निस्के की छोरी हुँ**" भनि बुद्ध समक्ष सिंहनाद समेत गरिन् । मात्र १४ वर्षको कलिलो उमेरमा आफ्नो आध्यात्मिक उन्नतिका लागि संघर्ष गरि सफल हुनु भएकी नेपालकी बुद्धपुत्री धम्मवती गुरुमां विश्वका समस्त नारीजातिको लागि प्रेरणाको श्रोत हुन् ।

यसरी नारी स्वतन्त्रताका लागि बुद्धले २६ सय वर्ष अघि नै बाटो खुलाईदिएको थियो भने नारी स्वतन्त्रताका लागि अग्रणी भूमिका निर्वाह गरेकी नेपालकी छोरी प्रजापति गौतमीको योगदानलाई हामीले बिर्सनु हुँदैन । यसलाई विश्वसामु प्रचारप्रसार गरि पहिचान गराइदिनु सान्दर्भिक देखिन्छ । ❖

९. गा.नं. ४६ 'थेरीगाथा'

१०. गा.नं. ३३७ 'थेरीगाथा'

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ८७२*

**त्रिरत्न शाक्य**

काठमाडौं

रू. २०००/-

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै संघनायक भिक्षु अश्वघोष महास्थविरबाट उहाँका पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यको पुण्यस्मृतिमा रु. १५,०००/– (पन्ध्रहजार रुपियाँ मात्र) चन्दा सहयोग प्रदान गर्नुभएको छ । उहाँको यस मैत्रीपूर्ण सहयोगलाई साधुवाद दिंदै धर्मकीर्ति पत्रिका परिवारले उहाँको आयु आरोग्य एवं आध्यात्मिक सुखको कामना गरेको छ ।

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ दारु चिरिय नामक व्यक्तिले बुद्धको उपदेश बाटोमा सुने र सुन्नासाथ अर्हत् भए । त्यसको केही क्षणपछि गोरूले हान्नाले उनको देहावसान (=निर्वाण) भयो ।

*(साभार- बौद्ध दर्पण)*

# म र मेरो देश

✍ **मन्जु श्री गुरूमां**
*किम्डोल विहार, स्वयम्भु*

विश्वको शीर सगरमाथा अटल भई हाँस्दछ ।
खहरे खोला विशाल नदी सुस्तरी बग्दछ ॥
हावा हुरी र पानीले पनि छेकेर छेकिंदैन ।
संसार सामु यो देश मेरो देश लुकाएर लुकिंदैन ॥

इतिहासका पाना पल्टाई हेर विश्वको नमूना ।
अरनीको जन्मे कला र कौशल लिएर हातमा ॥
बुद्ध जन्मे शान्तिको अमृत लिएर साथमा ।
यो मेरो देश अग्र छ सधैं विश्व माझमा ॥

आकास हेर धरतीमा हेर जूनतारा साक्षी छ ।
पूर्खाको गौरब वीरको रगत यो धरती माथि छ ॥
वीरको वलि रगतको खोली नभुल त्यसरी ।
स्वार्थमा परी पैसामा चढी नभुल जननी ॥

साथी र भाई सबै मिली अगाडि बढौं है ।
देशको लागि प्राण नै दिई विकास गरौं है ॥
देशको विकास हामीले नगरे कसले पो गर्दछ ।
वैरागीको आँखा छलेर अब अगाडि सरौं है ॥

आजको यो मेरो सान भोलीको पहिचान ।
नरहे देश रहन्न सान गुम्दछ, पहिचान ॥



Downloaded from http://www.dhamma.digital

# The Goat Who Saved the Priest-13
## (Ignorance)



Once upon a time, there was a very famous priest in a very old religion. He decided it was the right day to perform the ritual Sacrificing of a goat. In his ignorance, he thought this was an offering demamded by his god.

He obtained an appropriate goat for the sacrifice. He ordered his servants to take the goat to the holy river and wash him and decorate him with flower garlands. Then they were to wash themselves, as part of the purification practice.

Down at the riverbank, the goat suddenly understood that today he would definitely be killed. He also became aware of his past births and deaths and rebirths. He realized that the results of his past unwholesome deeds were about to finally be completed. So he laughed an uproarious goat-laugh, like the clanging of cymbals.

In the midst of his laughter, he realized another truth - that the priest, by sacrificing him, would suffer the same terrible results, due to his ignorance. So he began to cry as loudly as he had just been laughing!

The servants, who were bathing in the holy river, heard first the laughing and then the crying. They were amazed. So they asked the goat, "Why did you loudly laugh and then just as loudly cry? What is the reason for this?" He replied, "I will tell you the reason. But it must be in the presence of your master, the priest."

Since they were very curious, they immediately took the sacrificial goat to the priest. They explained all that had happened. The priest too, became very curious. He respectfully asked the goat, "Sir, why did you laugh so loudly, and then just as loudly cry?"

The goat, remembering his past lives, said, "A long time ago, I too was a priest who, like you, was well educated in the sacred religious rites. I thought that to sacrifice a goat was a necessary offering to my god, which would benefit other, as well as myself in future rebirths. However, the true result of my action was that in my next 499 lives I myself have been beheaded!

"While being prepared for the sacrifice, I realized that today I will definitely lose my head for the 500th time. Then I will finally be free of all the results of my unwholesome deed of so long ago. The joy of this made me laugh uncontrollably.

"Then I suddenly realized that you, the priest, were about to repeat the same unwholesome action, and would be doomed to the same result of having your head chopped off in your next 500 lives! So, out of compassion and sympathy, my laughter turned to tears."

The priest was afraid this goat might be right, so he said, "Well, sir goat, I will not kill you." The goat replied, "Reverend priest, even if you do not kill me, I know that today I will lose my head and finally be released from the results of my past unwholesome action."

The priest said, "Don't be afraid, my fine goat. I will provide the very best protection and personally guarantee that no harm will come to you." But the goat said, "Oh priest, your protection is very weak, compared to the power of my unwholesome deed to cause its necessary results."

So the priest canceled the sacrifice, and began to have doubts about killing innocent animals. He released the goat and, along with his servants, followed him in order to protect him from any danger.

The goat wandered into a rocky place. He saw some tender leavcs on a branch and stretched out his neck to reach them. All of a sudden a thunderstorm appeared out of nowhere. A lightning bolt struck an over-hanging rock, and cut off a sharp slab, which fell and chopped off the goat's head! He died instantly, and the thunderstorm disappeared.

Hearing of this very strange event, hundreds of local peopl ecame to the place. No one could understand how it had happened.

There was also a fairy who lived in a nearby tree. he had seen all that had occurred. He appeared, gently fluttering in the air overhead. He began to teach the curious people, saying, "Look at what happened to this poor goat. This was the result of killing animals! All beings are born, and suffer through sickness, old age and death, But all wish to live, and not to die. Not seeing that all have this in common, some kill other living beings. This causes suffering also to those who kill, both now and in countless future rebirths.

"Being ignorant that all deeds must cause results to the doer, some continue to kill and heap up more suffering on themselves in the future. Each time they kill, a part of themselves must also die in this present life. And the suffering continues even by rebirth in hell worlds!"

Those who heard the fairy speak felt that they were very lucky indeed. They gave up their ignorant killing, and were far better off, both in this life and in pleasant rebirths.

The moral is: Even religion can be a source of ignorance. *to be continue ...*

*(Source: Prince Goodspeaker)*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहार — गतिविधि

# निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध-हाजिर जवाफ प्रतियोगिता सम्पन्न

फोटो- अरुणसिद्धि तुलाधर



धर्मकीर्ति विहारमा विहार संस्थापक धम्मवती गुरुमांको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा संचालित नि.मा.वि.स्तरिय बौद्ध हाजिर जवाफ कार्यक्रममा प्रथम हुने जनप्रभात स्कूलका छात्राले धम्मवती गुरुमांबाट पुरस्कार ग्रहण गर्दै

फोटो- अरुणसिद्धि तुलाधर




▲ उक्त कार्यक्रममा सहभागी स्कूलका विद्यार्थीहरू ▼

फोटो- अरुणसिद्धि तुलाधर






Downloaded from http://www.dhamma.digital

*२०७३ भाद्र ३१ गते, शनिवार*

धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष शासनधज धम्माचरिय, अग्गमहा गन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरुमांको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध हाजिर जवाफ प्रतियोगिता सञ्चालन गरेको छ। उक्त प्रतियोगिताको विस्तृत विवरण यसरी रहेको छ –

| क्र.सं. | प्रतियोगितामा सहभागी विद्यालय एवं विद्यार्थीहरूको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १ | **जनप्रभात सेकण्डरी स्कूल** | ४१ |
| | - सबिता जैसवाल, टीम लिडर | प्रथम |
| | - आशिस नेवाः, खड्गी | |
| | - रोजीना दाहाल | |
| २ | **त्रियोग हाइएर सेकेण्डरी स्कूल** | ३७ |
| | - अभिनव अर्याल, टीम लिडर | दोस्रो |
| | - निहोना प्रधान | |
| | - कुशल राज थापा | |
| ३ | **बालसेवा सेकण्डरी स्कूल** | ३१ |
| | - दीपक कुमार मण्डल, टीम लिडर | |
| | - रामशरण मगर | |
| | - अलिसा लोहा | |
| ४ | **आनन्दकुटी विद्यापीठ** | २९ |
| | - शुसा वज्राचार्य, टीम लिडर | चौंथो |
| | - एलिसा तामाङ्ग | |
| | - दिब्या श्रेष्ठ | |

*निर्णायक मण्डलहरू*– (१) भिक्षुणी केशावती
(२) भिक्षुणी वीर्यवती (३) लोचनतारा तुलाधर
*टाइप कीपर*– उर्मीला तुलाधर
*क्वीज माष्टरहरू*–
(१) भिक्षुणी शुभवती (२) अमृत कुमारी शाक्य
*स्कोर बोर्ड*- रामकुमारी मानन्धर
*प्रश्न वितरण*- सुभद्रा स्थापित
*साउण्ड सिष्टम*- अरुणसिद्धि तुलाधर र उद्योगरत्न तुलाधर
*संयोजक*- सरोज मानन्धर / *उद्घोषक*- सुमीत्रा तुलाधर

भिक्षुणी धम्मवतीको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य दिनुभएको थियो भने अमीर कुमारी शाक्यले प्रतियोगिताको नियमहरू विषयमा जानकारी प्रस्तुत गर्नुभएको थियो ।

**पुरस्कार वितरण–**

प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र चतुर्थ भएका विद्यालयहरूलाई पुरस्कार प्रायोजन गर्नुहुने दाताहरू–

प्रथम पुरस्कार- भिक्षुणी धम्मवती
दोस्रो पुरस्कार- अमरलक्ष्मी तुलाधर
तेस्रो पुरस्कार- रसुवन्ती कंसाकार
चौथो पुरस्कार- मोहिनी तुलाधर

प्रतियोगितामा सहभागी विद्यार्थीहरू एवं विद्यालयलाई भिक्षुणी धम्मवती गुरुमां, भिक्षुणी इन्दावती, लगायत अन्य दाताहरूले पुरस्कार वितरण गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवतीले प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई हारजीतको ख्याल नराखी बुद्ध शिक्षा सिक्न पाएकोमा आफूलाई भाग्यमानी सम्झनु नै श्रेयस्कर हुने विषयमा ओवाद दिनुभएको थियो।

कार्यक्रमको अन्त्यमा संयोजिका सरोज मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## यमकवग्गो

*२०७४ भाद्र २४ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य । प्रस्तुती- राजभाइ तुलाधर*

**असारे सारमतिनो, सारेचासार दस्सिनो ।**
**ते सारं नाधिगच्छन्ति, मिच्छासङ्कप्पगोचरा ॥**

असत्य, सारहीन कुरालाई सत्य, सार ठान्ने तर सत्य, सार कुरालाई असत्य, सारहीन ठान्ने, यस्तो मिथ्या धारणा बोकेकाहरू सत्य, सार कुरामा कहिल्यै पुग्न सक्तैनन् ।

**सारञ्च सारतो ञत्वा, असारञ्च असारतो ।**
**ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्पगोचरा ॥**

सारलाई सार देख्ने, सारहीनलाई सारहीन देख्ने, त्यस्तो सम्यक दृष्टि भएका व्यक्तिहरूले सारलाई, सत्यलाई अवश्य प्राप्त गर्नेछन् ।

भगवान् बुद्धले उपरोक्त गाथाहरू वहाँका अग्रश्रावकहरू सारिपुत्र र महामौद्‌गल्यायन तथा उनीहरूको पहिलाको गुरु संजयको सन्दर्भमा व्यक्त गर्नु भएको थियो । दुवैजना परम सत्यको खोजीमा लाग्दै थिए । यस क्रममा उनीहरूले एकजना संजय भनीने



Downloaded from http://www.dhamma.digital

जोगीलाई गुरु बनाए, तर उसको शिक्षाबाट उनीहरूलाई सन्तोष थिएन । पछि पञ्चवर्गीय भिक्षुहरू मध्य एक अस्सजित भन्तेसंग भेट भएपछि सारिपुत्रले बुद्धको सम्पर्कमा आउने मौका पाए । यो कुरा उसले आफ्नो साथी मौद्गल्यायनलाई पनि भने । दुवैजनाले भगवानको उपदेश पालना गरेर समयमै अरहत्व प्राप्त गरे । उनीहरूले आफ्नो पहिलाको गुरु संजयकहाँ गएर हामीले बुद्धबाट अमृतपद पाउने ज्ञान प्राप्त गऱ्यौं, तपाईं पनि आउनुस् भन्दा उसले जान मानेन । म आफै गुरु भइरहेको भन्ने अहंकारले गर्दा बुद्धको कुरा सत्य हो भन्ने लागे पनि वहाँको चेला बन्न चाहेन ।

**यथा अगारं दुच्छन्नं, वुट्ठी समतिविज्झति ।**
**यवं अभावितं चित्तं, रागो समतिविज्झति ॥**

जसरी राम्रोसंग नछाएको छानाबाट पानी चुहिन्छ, त्यसरी नै ध्यान भावनाद्वारा निर्मल नगरिएको चित्त भित्र राग चुहिन्छ ।

**यथा अगारं सुच्छन्नं, वुट्ठी न समतिविज्झति ।**
**एवं सुभावितं चित्तं, रागो न समतिविज्झति ॥**

जसरी राम्रोसंग छाएको छानाभित्र पानी चुहिन सक्तैन, त्यसरी नै ध्यान भावनाद्वारा निर्मल गरिएको चित्तभित्र राग चुहिन सक्तैन ।

माथिको गाथाहरू भगवानले आफ्नो काकाको छोरा नन्दको सन्दर्भमा भन्नुभएको थियो । नन्दलाई जनपदकल्याणीसंग विवाह हुनै लागेको बेलामा प्रव्रजित गरिएको थियो । प्रव्रजित भएर पनि उसको मन जनपदकल्याणीको अति सुन्दर रूपमा मात्रै अल्झिरहेको थियो । बुद्धले यो कुरा जानेर आफ्नो ऋद्धिबलद्वारा तावतिंस देवलोकका अप्सराहरू देखाएर नन्दलाई भन्नुभयो कि यदि उसले राम्रोसंग धर्मको अभ्यास गरे ती अप्सराहरू पाउनेछन् । उसले एकदम मेहनत गरेर अभ्यास गर्न थाल्यो र फलस्वरुप अरहत्व प्राप्त गर्न सफल भयो । अब नन्दको लागि सांसारिक सुख, सौन्दर्यको कुनै मूल्य रहेन । यी सबै कुराहरूबाट उ माथि पुग्यो ।

## यमकवग्गो

*२०७४ श्रावण २८ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य । प्रस्तुती- राज भाइ तुलाधर*

**सुभानुपस्सिं विहरन्तं, इन्द्रियेसु असंवुतं ।**
**भोजनम्हि चामत्तञ्ञुं, कुसीतं हीनवीरियं ।**
**तं वे पसहति मारो, वातो रूक्खंव दुब्बलं ॥**

जसको मन संधै रमाइलो कुराहरूमा मात्रै टांसी रहन्छ जसको इन्द्रियहरू संयमित छैन, जसको भोजनको मात्रामा नियन्त्रण छैन, जो अल्सी र वीर्यहीन छ । त्यसलाई मारले सजिलै जित्छ जसरी हावाहुरीले कमजोर रूखलाई सजिलै ढाल्छ ।

**असुभानुपस्सिं विहरन्तं, इन्द्रियेसु सुसंवुतं ।**
**भोजनम्हि च मत्तञ्ञुं, सद्धं आरद्धवीरियं ।**
**तं वे नप्पसहति मारो, वातो सेलंव पब्बतं ॥**

जसले शरीरको अशुभतालाई राम्ररी देख्दछ, जसको इन्द्रियहरू संयमित छन् । जसलाई भोजनको मात्राको ज्ञान छ, र जो श्रद्धा र वीर्यले युक्त छ त्यसलाई मारले वशमा पार्न सक्तैन जस्तै ठूलो कडा चट्टानलाई हावाहुरीले हल्लाउन सक्तैन ।

उपरोक्त गाथाहरू भगवान् बुद्धले दुईजना महाजन दाजुभाईहरू महाकाल र चूलकालको सन्दर्भमा भन्नुभएको थियो । भगवान्को सम्पर्कमा आएर दुवैजना प्रव्रजित भए । भगवानको निर्देशन अनुसार अशुभ र अनित्यतालाई ध्यान गरेर महाकालले छिट्टै अरहत्व प्राप्त गरे । तर चूलकाललाई आफ्नै घरमा भोजनमा गएको वेला उसका पूर्वपत्नीहरूले फेरि गृहस्थ जीवनमा फर्काउन सफल भए । त्यो देखेर महाकालका पूर्वपत्नीहरूले पनि उसलाई फेरि गृहस्थ जीवनमा फर्काउने कोशिस गरे । तर अर्हत भइसकेको व्यक्तिलाई फेरि गृहस्थ जीवनमा फर्काउन संभव थिएन । चूलकाल र महाकाललाई दृष्टान्त बनाएर भिक्षुहरूको अगाडि भगवान्ले उपरोक्त गाथाहरू प्रकट गर्नु भयो ।

**अनिक्कसावो कासावं, यो वत्थं परिदहेस्सति ।**
**अपेतो दमसच्चेन, न सो कासा वमरहति ॥**

जो क्लेषरूपी दागबाट मुक्त छैन तैपनि काषाय वस्त्र चाहीं लाउने गर्छ, जो इन्द्रियलाई दमन नगरि सत्यज्ञानबाट टाढा रहन्छ त्यस्तालाई काषायवस्त्र सुहाउँदैन ।


भगवान्ले उपरोक्त गाथा देवदत्तको सन्दर्भमा भन्नु भएको थियो । देवदत्त भिक्षुलाई एकचोटी धेरै मोल पर्ने कपडा प्राप्त भएको थियो । उसले तुरून्तै त्यसको चीवर वनाएर लगायो र गर्व गर्दै हिंड्न थाल्यो । तर देवदत्तको चरित्र अनुसार त्यो चीवर प्राप्त गर्न उ योग्य व्यक्ति थिएन । काषाय वस्त्र नै नसुहाउने व्यक्तिले बहुमुल्य चीवर लगाउँदैमा पनि केही लाभ प्राप्त गर्न सक्तैन ।



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

# ञाणशीला गुरुमां दिवंगत हुनुभयो



**दिवंगत ञाणशीला गुरुमां**

महासद्धम्म जोतिक धज पदबाट विभूषित हुनुभएका ञाणशीला गुरुमां यही २०७४ भाद्र २९ गते विहिवार राती १२.०५ बजे ९२ वर्षको उमेरमा दिवंगत हुनुभयो ।

वि.सं. १९८३ साल आषाढ पूर्णिमाका दिन पाटनको रुद्रवर्ण महाविहार ओकुबहाल ललितपुरमा माता इन्द्रकुमारी एवं पिता गणेश राज शाक्यको कोखबाट जन्मनुभएकी गुरुमां ञाणशीलाको गृहस्थनाम कुलशोभा शाक्य थियो ।

वि.सं. २००६ कार्तिक २८ गते अष्टमीका दिन भारतको कुशिनगरमा उ. चन्द्रमणी महास्थविरबाट प्रव्रज्या ग्रहणगरी गुरुमां ञाणशीलाको नामले परिचित हुनुभयो ।

नेपालका प्रथम संघमहानायक प्रज्ञानन्द महास्थविरको आचार्यत्वमा बुद्ध धर्म अध्ययन गर्नुभएकी गुरुमां ञाणशीलाले वि.सं. २०२० सालमा स्थापित श्री शाक्यसिंह परियत्ति केन्द्रमा अध्ययन गर्दै आउनु भएकी थिइन् ।

नेपालको थेरवाद बुद्धशासनिक क्षेत्रमा लामो समयसम्म उहाँले पुऱ्याउनु भएको अमूल्य योगदानलाई कदर गरी म्यानमार सरकारबाट वि.सं. २०६० चैत्र १९ गते उहाँलाई "महासद्धम्म जोतिकधज" उपाधिबाट विभूषित गरिएको थियो ।

गुरुमां ञाणशीला नरसिंहाराम विहार थैना र प्रज्ञानन्दाराम विहार ओकुबहालको प्रमुख हुनुहुन्थ्यो । त्यस्तै International Nuns Association को उपाध्यक्ष हुनुहुन्छ ।

उहाँको पार्थिव शरीरलाई शाक्य सिंह विहारको धम्महलमा भाद्र ३१ गतेसम्म सजाएर राखी भिक्षु भिक्षुणी संघकोतर्फबाट परित्राण पाठ गरिएको थियो भने भाद्र ३१ गते दिउँसो शाक्यसंह विहार देखि शब यात्रा शुरु गरी शंखमूलमा पुगेपछि उहाँको पार्थिव शरीर अगाडि भिक्षु भिक्षुणी संघकोतर्फबाट सामूहिक परित्राण पाठ गरिएको थियो । यस कार्यक्रममा भिक्षु महासंघका संघ उपनायक डा. ञाणपूर्णिक महास्थविर एवं International Nuns Association का अध्यक्ष भिक्षुणी धम्मवतीबाट दिवंगत ञाणशीला गुरुमांको गुणानुस्मरणगरी अनित्य, दुःख र अनात्म विषयमा धर्मदेशना भएको थियो । यसरी नै उपासिका अमिता धाख्वाले ञाणशीला गुरुमांको जीवनी प्रस्तुत गर्नुभएको थियो ।

अन्त्यमा उहाँको पुण्य स्मृतिमा त्यहाँ उपस्थित भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूबाट सामूहिक पुण्यानुमोदन गरिएको थियो । सो पश्चात् माथि उल्ले खित समूहबाट नै दागबत्ती वाली दाह संस्कार सम्पन्न गरिएको थियो ।

कार्यक्रममा श्रीलंकाका राजदूत लगायत ललितपुरका मेयर एवं वडा अध्यक्षको पनि उपस्थिति रहेको थियो ।





Downloaded from http://www.dhamma.digital

# वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीयात हनेगु ज्या जुल



फोटो- नातिकाजी महर्जन

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीयात हनापौ दयछाना दिसे राष्ट्रपति विद्यादेवी भण्डारी

वाङमय शताब्दी पुरुष सत्यमोहन जोशीयात राष्ट्रिय सभा गृहय् राष्ट्रपति विद्यादेवी भण्डारीपाखें हनापौ देछासे हनादीगु खः । सभागृहय् हनेज्या शुरु याय् न्ह्यो वयकःयात वसन्तपुलिं निसें बग्गीई तयाः शोभा यात्रा यानायंकूगु खः । सभागृहय् थ्यंकाः वयकःयात लसकुस यासे बासा लायाः ज्याभ्वः जूगु हलय् यंकूगु खः ।

संस्कृतिविद् डा. सत्यमोहन जोशीजुयात नेपाल सरकारपाखें दकलय् न्हापां वाङमय शताब्दी पुरुष कथं घोषणा याःगु खः । थुगु घोषणा नेपाःया सकल जनताया लागि लसताया खँजूगु कारणं वयकःयात नेवाः ख्यलं तःजिक मंकाः कथं हनेत वाङमय शताब्दी पुरुष सत्यमोहन जोशी हना समिति पाखें यैं महानगरपालिकाया ग्वहालिई थ्व ज्याभ्वः हंगु खः ।

ग्वसाः खलःया नायो समाजसेवी लक्ष्मीदास मानन्धरया अध्यक्षताय् व राष्ट्रपती विद्यादेवी भण्डारीया प्रमुख अतिथित्वय् नेवाः जागरण मञ्चया नायो सुजीव वज्राचार्य न्ह्याकादीगु थुगु ज्याभ्वले कजी लक्ष्मीदास मानन्धरं लसकुस न्वचू बियादीगु खः ।

जनकवी दुर्गालाल श्रेष्ठं च्वयादीगु हनाम्ये हायकाः हंगु थुगु ज्याभ्वले सत्यमोहन जोशीया म्हसीका सन्ध्याटाइम्सया सम्पादक भाजु सुरेश किरण मानन्धरजुं बियादीगु खः । भाजु जोशीया मंगल कामना यासे उगु ज्याभ्वले वज्रयानी गुरुजुपिं, राजोपाध्याय गुरुजुपिं, थेरवाद भिक्षु भिक्षुणीपिं व महायानी गुरुपिसं मंगल पाठ यानाबिज्याःगु खः ।

थुगु ज्याभ्वले थःगु नुगःखँ प्वंकादीपिं महानुभावपिं मध्ये राष्ट्रपति विद्यादेवी भण्डारीं वाङमय शताब्दी पुरुष सत्यमोहन जोशी राष्ट्रया सम्पदा खः धयादिल ।


वयक: जोशीया योगदानयात लुमंकुसे थःगु नुगः खँ प्वंकादीपिं महानुभावपिं थुकथं जुल– जनकवी दुर्गालाल, मल्ल के. सुन्दर, यैं महानगर पालिकाया मेयर विद्या सुन्दर शाक्य, तीर्थराम डंगोल आदि ।

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

भगवान् बुद्धसँग उहाँको जात सोध्दै सुन्दरिक भारद्वाज ब्राह्मण

वर्ष–३५; अङ्क–६

बु.सं. २५६१, कतिं पुन्हि

Downloaded from http://www.dhamma.digital

*आवरण चित्र परिचय*

# सुन्दरिक भारद्वाज

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद*- **वीर्यवती**

सुन्दरिक भारद्वाजले ठूलो हवन यज्ञको आयोजना गऱ्यो। यज्ञ सम्पन्न भएपछि हब्यशेषलाई प्रसादको रूपमा बाँड्नको लागि यज्ञमंडपबाट बाहिर निस्कियो । अलि पर एक रूखमुनि भगवान् बुद्ध बसिरहनुभएको थियो । जाडो याम भएको कारणले भगवान् बुद्धले शीर माथि सम्म चीवरले छोपिराख्नु भएको थियो ।

भगवान् बुद्धलाई एक ब्राह्मण भन्ठानी उहाँलाई उक्त हब्यशेष प्रसाद दिनको लागि भारद्वाजले उसको एक हातमा हब्यशेष प्रसाद र अर्को हातमा पानीले भरिएको कमण्डल लिएर भगवान् बुद्ध समिप पुग्यो ।

भारद्वाजको पदचाप सुनी भगवान् बुद्धले उहाँ समक्ष आइरहेको व्यक्ति को हो भनी हेर्नको लागि शीरमा ढाकिर ाखेको चीवर निकाल्नु भयो ।

उहाँको शीरबाट चीवर हटिसकेपछि भारद्वाज एकाएक चिच्याउँदै यसरी कराउन थाल्यो–

"ए ! यो त मथमुंडा (मुण्डन) श्रमण पो रहेछ" । यति भन्दै उ फर्कन खोज्यो। तर फेरि उसको अर्को मनले सोच्न थाल्यो– "आजभोली भगवान् बुद्धको प्रभावले प्रभावित भई कोही कोही ब्राह्मणहरूले आफ्नो कपाल खौरन थालेका छन् । के थाहा ? यो व्यक्ति पनि त्यस्तै समूहको ब्राह्मण नै हुन कि ? सोधि हेरूं न, यसको जात के रहेछ ?

त्यसैले फर्कन लागेको उक्त ब्राह्मण फेरि आई भगवान् बुद्ध समक्ष यसरी प्रश्न गऱ्यो–

"तपाइँको जात के हो ?"

भगवान् बुद्धले उत्तर दिनुभयो–

"न म ब्राह्मण हुँ न क्षेत्री, न वैश्य नै हुँ न त कुनै अन्य जातीको हुँ। चीवर धारण गरी कपाल खौरी पूर्णरूपले शान्त, अकिंचन र अनाशक्त भई विचरण गर्दछु। त्यसैले हे ब्राह्मण ! तिमीले मसंग अनुचित प्रश्न राख्दैछौ ।"

भगवान् बुद्धबाट यस्तो उत्तर सुनी भारद्वाजले भन्यो–

"म आफू ब्राह्मण भएको नाताले तपाइँ पनि ब्राह्मण नै हो कि भन्ने ठानी यस्तो प्रश्न गरेको ।"

यति भनिसकेपछि भगवान् बुद्धले उक्त ब्राह्मणलाई भन्नुभयो –

"हे ब्राह्मण ! आफ्नो यज्ञको सफलताको लागि कोही शान्त, क्रोध मुक्त, निष्पापी, तृष्णा रहित महाज्ञानी, योग्य पात्रसंग जात होइन बरू धर्म सम्बन्धि महत्त्वपूर्ण कुरा सोध्ने गर्दा राम्रो हुनेछ । अनि मात्र तिमीले ठीक र सही कुरा बुझ्नेछौ र अनिमात्र तिम्रो कल्याण हुनेछ ।"

भारद्वाजले भन्यो– "हे श्रमण ! म यज्ञ गर्ने व्यक्ति हुँ म यज्ञ गर्न चाहन्छु। त्यसैले तपाइँले मलाई यही यज्ञको विषयमा बताउनुहोस् । यज्ञ कसरी सफल हुन्छ र योग्य पात्र को हो ?"

उत्तर प्रस्तुत गर्नुहुँदै भगवान् बुद्धले भन्नुभयो–

"मा जातिं पुच्छ, चरणञ्च पुच्छ"

*– (स).नि. १.१. १९५ सुन्दरिकसुत्त)*

योग्य पात्र खोज्नको लागि जात सोध्ने होइन, आचरण सोध्ने गर्दा राम्रो हुनेछ । जात थाहा पाउँदैमा व्यक्तिको सक्कलि बानी व्यवहार र आचरण थाहा पाउन सकिँदैन ।

भगवान् बुद्धको यस धर्मवाणी सन्तहरूको भनाईसंग मिल्यो–

किनभने सन्तले भन्ने गर्छ–

"जाति न पूछो साधुकी, पूछ लीजिए ज्ञान
मोल करो तरवारका, पडा रहने दो म्यान"

*(संत सुधा सार, कबीर वाणी "साध को अंग")*

यसरी भगवान बुद्धले आचरणलाई जोड दिनुभएको छ। योग्य पात्र त्यस व्यक्ति हुन्छ जसको बानी व्यवहार असल हुन्छ। असल आचरण भएको व्यक्ति जुन जातको भएपनि केही फरक पर्दैन। जुन कुलमा जन्मेपनि केही फरक पर्दैन। जसको मन शान्त हुन्छ, त्यही व्यक्ति ब्राह्मण हो।

जो व्यक्ति कामभोग त्यागी घर विहीन, वीतरागी, संयमी, सत्पुरुषहरूको संगतमा लाग्छ, दुर्जनहरूसंग टाढा रहन्छ, जसको मनमा घमण्ड जस्तो मान छैन, आशक्ति छैन, लोभ छैन, अभिमान छैन, जसको मनमा तृष्णा र क्रोध शान्त भइसकेको हुन्छ। जो व्यक्ति सदा अपरिग्रही, क्षीणाश्रवी भई अन्तिम शरीर धारी, निर्वाणदर्शी, शुद्ध, निर्दोष निर्मल, विमल भइसकेको हुन्छ । त्यही व्यक्ति योग्य पात्र बन्छ ।

भगवान् बुद्धको यस पवित्र वाणी सुनेर प्रभावित भएका सुन्दरिक भारद्वाज भगवान् बुद्धबाट नै उपसम्पदा ग्रहण गर्न सफल भए । त्यसपछि परिश्रम गर्दै उसले अरहन्त (मुक्त) अवस्था प्राप्त गरी धन्य एवं भाग्यमानी व्यक्ति भए ।

Downloaded from http://www.dhamma.digital